वैशाख – १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

| वर्ष २४, अङ्क १ | २०७२, वैशाख १–१५ | पूर्णाङ्क ५४७ |
|---|---|---|



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न.  ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री टीकाबहादुर खड्का
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | ४ |
| विशेष इजलास | ३ |
| संयुक्त इजलास | ३ |
| इजलास नं. १ | १७ |
| इजलास नं. २ | ५ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ८ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | ३ |
| एकल इजलास | २ |
| रीत/बेरीत आदेश | १० |
| जम्मा | ६५ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, वैशाख – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०—०१—३३३—५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-२** |
| १. | निर्णय दर्ता बदर | मु.स. गर्ने आशामाया महर्जनसमेत वि. रामचन्द्र लाल श्रेष्ठ | |
| **विशेष इजलास** | | | **२-६** |
| २. | उत्प्रेषण | अधिवक्ता लालबहादुर बस्नेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ३. | उत्प्रेषण | विशाल दुरासमेत वि. पञ्जिकाधिकारीको कार्यालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत | |
| ४. | उत्प्रेषण / परमादेश | अधिवक्ता अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **६-८** |
| ५. | प्रतिषेध / परमादेश | गैसवानी खातुनसमेत वि. मालपोत कार्यालय, पर्सा, वीरगञ्जसमेत | |
| ६. | घर भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ | गायत्रीदेवी कुर्मी वि. रंगीलाल धोवी | |
| ७. | कर्तव्य ज्यान | बुद्धिबहादुर दमाई वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **९-२२** |
| ८. | लेनदेन | रामदरेश यादव वि. सुशील दास तत्मा | |
| ९. | निषेधाज्ञा/ परमादेश | श्यामकुमार साहु वि. डिल्लीबहादुर खत्रीसमेत | |
| १०. | उत्प्रेषण / परमादेश | रामआधार मिश्र वि. सुरेन्द्र मिश्र ब्राह्मणसमेत | |
| ११. | परमादेश | अधिवक्ता राजीव सिन्हा राजु वि. पशुपतिक्षेत्र विकास कोष, गौशाला, काठमाडौंसमेत | |
| १२. | रोक्का रूखहरू काटी लुटपीट गरेको | गङ्गाप्रसाद दास कथवनिया वि. पवित्रीदेवीसमेत | |
| १३. | उत्प्रेषण/ परमादेश | पटनामाया तामाङ वि. पञ्चमाया तामाङ | |
| १४. | छुट जग्गा दर्ता नामसारी | प्रमुख मालपोत अधिकृत श्री हरि बखती वि. सावित्री राणा | |
| १५. | निषेधाज्ञा | ध्रुवकुमार साह वि. ओमप्रकाश साह तेलीसमेत | |
| १६. | परमादेश | राजदेवी प्राथमिक विद्यालय व्यवस्थापन समिति वि. राजेन्द्रप्रसाद साह | |

| | | |
|---|---|---|
| १७. | उत्प्रेषण/ परमादेश | महादेवप्रसाद चौरसियासमेत वि. ललन ठाकुर लोहार |
| १८. | निषेधाज्ञा | सीता कार्की वि. जिल्ला प्रहरी कार्यालय, मकवानपुर हेटौंडा |
| १९. | उत्प्रेषण/ परमादेश | नरेन्द्रराज श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २०. | सवारी ज्यान | नेपाल सरकार वि. डुकछिरिङ शेर्मा |
| २१. | सवारी ज्यान | नेपाल सरकार वि. कृष्णबहादुर तामाङसमेत |
| २२. | सवारी ज्यान | नेपाल सरकार वि. महेश खड्का |
| **इजलास नं. २** | | **२२-२६** |
| २३. | उत्प्रेषण/ परमादेश | राजेश धिताल वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भुपाल लिम्बू |
| २५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. खेसकुमारी गुरूङ |
| २६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पुतली गोले |
| **इजलास नं. ३** | | **२६-२९** |
| २७. | अंश दपोट | बासु नारायण प्रधान वि. शम्भुनारायण प्रधान |
| २८. | अंश दर्ता | ललिताकुमारी वि. कुशेश्वर मघरैतसमेत |

| | | |
|---|---|---|
| २९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सेना लामा शेर्पासमेत |
| ३०. | फैसला बदर | मैनुद्दिनमियाँको मु.स. गर्ने सहिदा विवि मुस्लिम वि. अलिमुद्दिनको मु.स. गर्ने रेयाजुद्दिन मियाँ |
| **इजलास नं. ४** | | **२९-३२** |
| ३१. | कर्तव्य ज्यान | सुमन पुतुवार वि. नेपाल सरकार |
| ३२. | कर्तव्य ज्यान | सुभाष राय वि. नेपाल सरकार |
| ३३. | आयकर | ठूला करदाता कार्यालय, ललितपुर वि. मोरङ अटो वर्क्स, विराटनगर |
| **इजलास नं. ५** | | **३२-३७** |
| ३४. | निषेधाज्ञा | भाइकृष्ण श्रेष्ठ वि. अधिकारसम्पन्न सभ्यता एकीकृत विकास समिति, गुहेश्वरी फाँट, काठमाडौंसमेत |
| ३५. | उत्प्रेषण/ परमादेश | कोमल कार्की वि. ऊर्जा मन्त्रालयसमेत |
| ३६. | उत्प्रेषण/ परमादेश | चन्द्रकान्त पौडेल वि. विद्यावती बज्राचार्यसमेत |
| ३७. | बन्दी प्रत्यक्षीकरण | चन्द्रशेखर सिंह वि. जिल्ला प्रशासन कार्यालय, कलैया बारासमेत |

| | | |
|---|---|---|
| ३८. | अंश चलन | दुर्गादेवी साह तेली वि. तपेश्वर साह |
| ३९. | हातहतियार खरखजाना | पदमराज भट्ट वि. नेपाल सरकार |
| ४०. | राजीनामा लिखत बदर गरी हक कायम चलन | रासिन्द्रप्रसाद कौडगिया यादव वि. चन्द्रेश्वर कौडगीया यादव |
| ४१. | उत्प्रेषण | लालपरी देवी वि. रामकृपाल साहसमेत |
| **इजलास नं. ६** | | **३७-३८** |
| ४२. | नामसारी निर्णय लिखत बदर | कुमार श्रेष्ठसमेत वि. मु.स. गर्ने कृष्णकुमार श्रेष्ठसमेत |
| ४३. | जालसाज | सावित्री राई वि. लालबहादुर बस्नेत |
| **इजलास नं. ७** | | **३८-३९** |
| ४४. | लेनदेन | भुला मुखिया वि. विन्देश्वर यादव |
| **इजलास नं. ८** | | **३९-४१** |
| ४५. | घर बहाल दिलाई घरजग्गा खाली गराई चलन | देवनन्द राय यादव वि. धर्मेन्द्र साह भन्ने कौशल किशोरप्रसाद गुप्ता |
| ४६. | घर बहाल दिलाई घरजग्गा खाली गराई चलन | देवनन्दन राय यादव वि. अनिताकुमारी साह |
| ४७. | उत्प्रेषण | पदमबहादु कटुवाल वि. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग सस्पेन्सन ब्रिज डिभिजन, श्रीमहल पुल्चोकसमेत |
| **एकल इजलास** | | **४१-४२** |
| ४८. | परमादेश | रामदयाल यादव वि. मनोजकुमार राउतसमेत |
| ४९. | उत्प्रेषण | राजु गुरूङ वि. बीरबहादुर गुरूङसमेत |
| **रीत/बेरीत आदेश** | | **४२-४४** |
| ५०. | ज्यान मार्ने उद्योग | रामलोचनप्रसाद साह वि. नेपाल सरकार |
| ५१. | मानव अपहरण तथा शरीर बन्धक | हेमकर्ण पौडेल वि. नेपाल सरकार |
| ५२. | मानव बेचबिखन तथा ओसार पसार | जुनाकुमारी डाँगीसमेत वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ५३. | उत्प्रेषण/ परमादेश | डा. रमिला देवकोटा वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| ५४. | वन्यजन्तुको अवैध आखेटोपहार | माया लामा लोप्चन वि. नेपाल सरकार |
| ५५. | कर्तव्य ज्यान | राहुल भन्ने रवि भट्टराईसमेत वि. नेपाल सरकार |
| ५६. | ठगी | सितल प्रताप सिंह वि. नेपाल सरकार |
| ५७. | अंश चलन | अनुगराज शर्मा वि. प्रदीपराज पाण्डे |
| ५८. | बैङ्किङ् कसुर | प्रविण पाण्डे वि. नेपाल सरकार |
| ५९. | उत्प्रेषण/ परमादेश | अधिकारप्राप्त वीरेन्द्रकुमार संघई वि. काठमाडौं जिल्ला अदालतसमेत |

## पूर्ण इजलास

**स.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६५-NF-०११, निर्णय दर्ता बदर, *मु.स. गर्ने आशामाया महर्जनसमेत वि. रामचन्द्र लाल श्रेष्ठ*

प्रतिवादीको मिति २०००।७।१० को उक्त राजीनामा अनुसारको त्यौड २१२ पाना लगतको जग्गालाई मालपोत कार्यालयले त्यौड लगत २८८, मौजा टोखा, हा.नं. २८१ मा परिणत भएको लगतमा भिड्ने भनी विवादित जग्गा प्रतिवादीका नाममा अस्थायी दर्ता गरेको पाइन्छ। प्रतिवादीको हकको स्रोतको रूपमा रहेको मिति २०००।७।१० को लिखतमा जग्गा रहेको स्थान भंगलटोल उल्लेख भएको मिसिलबाट देखिएको र गाउँ विकास समितिको कार्यालय, चपली भद्रकालीले साविक टोखा मौजा को भंगल टोल हाल उक्त चपली भद्रकाली गा.वि.स.को वडा नं. ८ अन्तर्गत पर्ने भनी मिति २०६०।११।१९ मा सिफारिस गरेको देखिँदा प्रतिवादीको उक्त स्रोतअन्तर्गतको जग्गा कालीमाटी मौजाअन्तर्गतको विवादित जग्गासँग मिल्ने भिड्ने नदेखिँदा कालीमाटीमा रहेको विवादित जग्गालाई प्रतिवादीको हकको जग्गा मान्न मिल्ने नदेखिने।

कालीमाटी बस्ने जीतबहादुर यी वादीहरूका ससुरा तथा बाजे भएको तथ्य तत्कालीन जिल्ला कार्यालय, काठमाडौंले जीतबहादुरकी श्रीमती श्रीमाया महर्जन र छोरा आइतनारायण महर्जन भनी मिति २०३२।७।५ मा नाता प्रमाणित गरिदिएको र वादी आशामायाको पति आइतनारायणको मिति २०४१।१२।२० मा मृत्यु भएको भन्ने मिसिल संलग्न उक्त नाता प्रमाणित एवम् मृत्यु दर्ताको प्रमाणपत्रसमेतका कागजबाट पुष्टि भएको छ । त्यस्तै काठमाडौं महानगरपालिकाको मिति २०५०।१०।२१ को सिफारिसअनुसार जीतबहादुर महर्जन भन्ने नातीभाइ महर्जन वादीहरूका बाजे भनी उल्लेख भएको देखिन्छ। जीतबहादुर महर्जनले मिति २००५।१०।२८ मा फार्छे राजीनामाको लिखतअनुसार प्राप्त गरेको जैसीदेवल पोता नं. ७४० उल्लेख भएको पाइन्छ। मालपोत कार्यालय, काठमाडौंको च.नं. १५० मिति २०५७।१।६ को साविक लगत उतारसम्बन्धी पत्र अनुसार साविक पोता कालीमाटी पश्चिम ७४० को जीतबहादुर महर्जन नामको जग्गा सोदे १। मिति २०४४।१२।७ मा कालिमाटी हा.नं. ५८४ जनाएको भनी यस अदालतमा पत्राचार भई उक्त पत्रसाथ सो लगतको प्रमाणित प्रतिलिपिसमेत साथै प्रेषित गरेको देखिन्छ। प्रतिवादीले प्रतिवाद गर्दा पोता लगत नं. ७४० बाट यी वादीहरूले अन्य जग्गा दर्ता गरिसकेको भन्ने जिकिर गरे पनि कुन मितिमा, कसको नाममा, कुन कि.नं. को कति क्षेत्रफल जग्गा वादीहरूले दर्ता गरी सकेका छन् भनी एकिनसाथ भन्नसकेको देखिन्न। यसबाट यी वादीहरूका बाजे तथा ससुरा जीतबहादुर महर्जनको नाममा रहेको साविक कालिमाटी मौजाअन्तर्गतको पोता लगत नं. ७४० हा.नं.५८४ लगतको जग्गाका हकवाला यी वादीहरू भएको र उक्त हा.नं. ५८४ जग्गा नै हालको विवादित कि. नं. ५० भएको तथ्य जग्गाको मौजा, चार किल्ला र क्षेत्रफल भिड्नुका साथै साविकदेखि हालसम्म वादीहरूको भोग रहे भएबाट पुष्टि हुन आएको देखिने।

वादी एवम् प्रतिवादीहरूको हकको स्रोतका रूपमा रहेका मिति २००५।१०।२८ को एवम् मिति २०००।७।१० को फार्छे राजीनामाको

लिखतहरूको न्यायको रोहमा मूल्याङ्कन तथा विवेचना नगरी कालीमाटीको जग्गालाई टोखा मौजाअन्तर्गत प्रतिवादीको हकको मानी वादीदावी नपुग्ने ठहर्‍याई यस अदालत संयुक्त इजलासबाट मिति २०६०।४।१९ मा भएको फैसला कानूनसम्मत नहुँदा उक्त फैसला उल्टी भई विवादको जग्गा प्रतिवादी रामचन्द्र लाल श्रेष्ठका नाममा अस्थायी दर्ता गरी दिने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५०।८।१७ मा आदेश गरी मिति २०५०।८।२९ गते समितिबाट सिफारिस भई मिति २०५०।९।२ मा प्रतिवादी रामचन्द्रलाल श्रेष्ठका नाउँमा अस्थायी दर्ता गरिदिने गरी भएको निर्णय बदर भई वादीहरूको दावीबमोजिम विवादको काठमाडौं जिल्ला, कालीमाटी वडा नं. ५ कि.नं. ५० को ०–८–० जग्गा वादीहरूका नाममा दर्ता हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला सदर हुने ।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल असोज ३ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-DF-०००१, फैसला बदर, *आशामाया महर्जनसमेत वि. नारानदेवी महर्जनसमेत*
- ०६५-NF-००१२, टहरा खाली गराईपाऊँ, *मु.स. गर्ने आशामाया महर्जनसमेत वि. रामचन्द्र लाल श्रेष्ठ*
- ०७०-CF-०००३, जालसाजी, *आशामाया महर्जनसमेत वि. नारानदेवी महर्जनसमेत*

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६७-WS-००७४, उत्प्रेषण, *अधिवक्ता लालबहादुर बस्नेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल राष्ट्र बैङ्कले व्याजदर तोक्ने अधिकार बैङ्क तथा वित्तीय संस्थाहरूलाई प्रत्यायोजन गरेको हुन्छ । नेपाल राष्ट्र बैङ्कले व्याजदर तोक्ने अधिकार प्रत्यायोजन गर्नुको आशय बैङ्क तथा वित्तीय संस्थाहरूले मनोमानी ढङ्गले आफूखुसी ब्याजको दर तोक्न पाउने भन्ने कदापि होइन । वित्तीय स्रोत उपब्लध गराउने हिसाबले वित्तीय संस्था बाध्यात्मक हुने र ऋण उपभोक्ताको बाध्यतालाई वित्तीय संस्थाले आफ्नो विशेष अधिकार र अवसर सम्झने हो भने अनुकूल आर्थिक वा वित्तीय प्रणालीका लागि त्यस्तो स्थिति राम्रो मान्न नसकिने।

नेपाल राष्ट्र बैङ्कले अधिकार प्रत्यायोजन गरेको सीमाभित्र रहेर व्याजदर कायम गरी बैङ्क तथा बैङ्किङ संस्थाहरूले वित्तीय कारोबार सञ्चालन गर्नुपर्ने हुन आउँछ । यस सम्बन्धमा एकरूपता कायम गर्न र पारदर्शी बैङ्किङ कारोबार सञ्चालन गर्न नेपाल राष्ट्र बैङ्कले समयसमयमा निर्देशनहरू जारी गरेको हुन्छ। ती निर्देशनहरूको परिपालना गर्नु बैङ्क तथा वित्तीय संस्थाहरूको दायित्व हुन आउने।

बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५१(२) र ८६(२) को सन्दर्भमा

पनि नेपाल राष्ट्र बैङ्कले व्याजदर निर्धारणसम्बन्धी आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गरी दायित्वबाट पन्छिएको भनी व्याख्या गर्नु उचित हुँदैन । ती दफाहरूमा गरिएको व्यवस्था हेर्दा इजाजतपत्र प्राप्त संस्थाले कर्जामा लिने र निक्षेपमा दिने ब्याजदर राष्ट्र बैङ्कले तोकिदिएबमोजिमको हुने र वित्तीय कारोबारलाई प्रतिस्पर्धात्मक ढङ्गले सञ्चालन गर्न आवश्यक भएमा त्यस्तो ब्याजदर निर्धारण गर्ने अधिकार नेपाल राष्ट्र बैङ्कले इजाजतपत्र प्राप्त संस्थालाई प्रत्यायोजन गर्न सक्नेछ भन्ने व्यवस्थाले निवेदक वा कसैको संविधानको धारा १२ द्वारा प्रदत्त स्वतन्त्रताको हक, धारा १३ द्वारा प्रदत्त समानताको हक र धारा १९ द्वाराप्रदत्त सम्पत्तिको हकको हनन् हुने अवस्था देखिँदैन । यी मौलिक हकसँग उक्त दफा ५१(२) र ८६(२) बाझिएको पनि नदेखिने ।

बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५१(२) र ८६(२) को प्रावधानहरू अर्थतन्त्र सञ्चालनमा गरिने कारोबारजन्य कुराहरू भएकाले ती कुराहरू सीधै संविधानद्वारा प्रदत्त मौलिक हकसँग बाझिएको नदेखिँदा दफा ५१(२) र ८६(२) बदर गर्नु परेन । तसर्थ रिट निवेदन खारेज हुने ठहर्छ तर नेपाल राष्ट्र बैङ्कले रिट निवेदकले उठाएको विषयलाई गम्भीरतापूर्वक लिएर आगामी दिनमा केही ठोस कदम र थप निर्देशनहरू जारी गर्नु वाञ्छनीय देखिने ।

रिट निवेदन खारेज भए तापनि इजाजतपत्र प्राप्त संस्था र ऋणीबीच करार गरी ऋण लिनुदिनु गरेपछि एकपक्षीयरूपमा बैङ्क तथा वित्तीय संस्थाले व्याजदर पुनरावलोकनको नाममा व्याजदर बढाउने गरेको भन्ने कुरा निवेदकले उठाएको हुँदा त्यसरी एकपक्षीयरूपमा बीचबीचमा व्याजदर पुनरावलोकन गरी ऋणीउपर दायित्व थप हुने अवस्था आइपर्ने कुराको लागि गुनासो सुन्ने र यथोचित प्रभावकारी उपचार दिनसक्ने गरी एउटा अधिकारसम्पन्न संयन्त्र खडा गरी सोही संयन्त्रले व्याजदर सम्बन्धमा प्राप्त भएका उजुरीको छानबिन गरी आवश्यक निर्देशन दिने प्रबन्ध मिलाउन विपक्षी नेपाल राष्ट्र बैङ्कको नाममा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर: बिकेश गुरागाई

इति संवत् २०७१ साल भदौ ५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०७०-WS-००३१, उत्प्रेषण, *विशाल दुरासमेत वि. पञ्जिकाधिकारीको कार्यालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

रिट निवेदकले निवेदनमा उल्लेख गरेको मुलुकी ऐन, लोग्ने स्वास्नीको महलका माथि उल्लिखित दुई छुट्टाछुट्टै वाक्याँशहरूले कसरी गोपनीयताको हकमा आघात पर्न गयो, स्पष्ट छैन । तसर्थ रिट निवेदकले उल्लेख गरेका मुलुकी ऐन, लोग्ने स्वास्नीको महलका व्यवस्थाहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० र धारा २८ सँग बाझिएको देखिन आउँदैन । तर यस प्रसङ्गमा ऐन कानून बनाउँदा लैंङ्गिक संवेदनशील र शालीन झल्कने शब्दहरू प्रयोग गर्नेतर्फ भने सम्बन्धित सबैको ध्यानाकर्षण हुन जरूरी देखिने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २८ मा उल्लेख भएको चरित्रसम्बन्धी गोपनीयताको हकको निहितार्थ कुनै व्यक्तिको

व्यक्तिगत चरित्रसम्बन्धी कुरालाई अनावश्यकरूपले नउछाल्ने र कसैको चरित्र बदनाम नगर्नेसम्बन्धी हक हो । तर निवेदकले कुनै व्यक्तिविशेषको चरित्रसम्बन्धी कुरालाई लिएर नभै समग्र विवाहित पुरूष तथा समग्र विवाहित महिलासँग सम्बन्धित विषयको उठान गर्नुभएको छ। तसर्थ यस अवस्थामा व्यक्तिगत चरित्र हत्या गरेसरह गोपनीयतासम्बन्धी मौलिक हकको उल्लङ्घन भएको मान्न नमिल्ने।

निवेदकले निवेदनमा उजागर गरेका विषयवस्तु नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० को उपधारा (२) द्वारा प्रदत्त महिलाको प्रजनन स्वास्थ्य र प्रजननसम्बन्धी हक तथा धारा २८ मा उल्लेख भएको चरित्रसम्बन्धी गोपनीयताको हकसँग बाझिएको अवस्था नदेखिएको, मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं. को देहाय १ र २ मा उल्लेख भएको व्यवस्थासँग निवेदकको सारभूत सम्बन्ध नदेखिएको, मुलुकी ऐन सामान्य कानूनी व्यवस्था भई निवेदकले उल्लेख गरेका नाताको प्रमाणपत्र जारी गर्नेसम्बन्धी अलगअलग विषयमा बनेका विशेष कानूनका व्यवस्थासँग बाझिएको भन्ने अवस्था नदेखिएको, ऐनसँग अर्को ऐन बाझिएको भन्ने विषय नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) भित्र पर्ने विषय पनि नभएको र नाता कायम गर्नेसम्बन्धी विभिन्न मातहत अदालतहरूमा हाल विचाराधीन रहेका विवादहरू कानूनबमोजिम कारवाही किनारा हुने नै हुँदा उपर्युक्त विवेचित आधार कारणबाट रिट निवेदकको मागबमोजिम उत्प्रेषण/परमादेशको आदेश जारी गर्नुपर्ने देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७१ साल जेठ १ गते रोज ५ शुभम्।

## ३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-WS-००३२ (०७०-FN-०१४४) उत्प्रेषण /परमादेश, *अधिवक्ता अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) बमोजिमको सामान्य विभागीय सजाय गर्दा जाँचबुझ गराई रहनु नपर्ने भनी निजामती सेवा नियमावली, २०५० को नियम १०९ मा गरिएका विभिन्न प्रावधानहरूमध्ये उक्त नियम १०९ को खण्ड (क) को व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा ६६ को उपदफा (१) र (२) तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा (८) र (९) सँग बाझिएको भनी निवेदकले चुनौती दिएको देखिने।

राज्य सञ्चालन गर्ने प्रशासनयन्त्रको मेरूदण्डको धरोहरको रूपमा रहेको निजामती सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्तसम्बन्धी व्यवस्था गर्नको लागि निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० तर्जुमा भई लागू भएको भन्ने कुरामा विवाद छैन। यस ऐन वा नियमावलीबमोजिम निर्धारण गरिएका सेवा सर्तका प्रावधानबमोजिम त्यो सेवामा रहने कर्मचारीले तोकिएका त्यस्ता सेवा सर्त उल्लङ्घन नगरी मर्यादितरूपमा पालन गरून् भन्ने उद्देश्यका साथ कानून उल्लङ्घन गर्ने कर्मचारीलाई विभागीय कारवाहीस्वरूप सामान्य र विशेष सजायको व्यवस्था गरिएको देखिन आएको छ। निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) बमोजिम कुनै कर्मचारीलाई

सामान्य विभागीय सजाय गर्नुपरेमा सजायको आदेश दिन पाउने अधिकारीले विभागीय जाँचबुझ गराइरहनु नपर्ने गरी निजामती सेवा नियमावली, २०५० को नियम १०९ ले सजाय दिन पाउने अधिकार प्रदान गरेको देखिन्छ । उक्त अधिकार प्रयोग गर्दा कानूनमा उल्लिखित कार्यविधि र प्रक्रिया अवलम्बन नगरी सीधै सजाय गरिने भन्ने नियमावलीको नियम १०९ को आशय रहेको नदेखिने ।

निजामती कर्मचारीलाई सामान्य विभागीय सजाय गर्दा सजाय दिने आदेश दिनुभन्दा अघि कारवाही गर्न लागिएको कारणको उल्लेख गरी सो कर्मचारीलाई उचित म्याद दिई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्ने गरी निजामती सेवा ऐन, २०४९ को दफा ६६(१) ले व्यवस्था गरेको छ । विभागीय सजायको आदेश दिन पाउने अधिकारीले न्याय सेवाका राजपत्राङ्कित कर्मचारीबाहेक अन्य कर्मचारीको हकमा सो कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी लोकसेवा आयोगको परामर्श लिनुपर्ने गरी सोही ऐनको दफा ६८ मा व्यवस्था गरिएको र न्याय सेवाका राजपत्राङ्कित कर्मचारीको हकमा विभागीय सजाय गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ (१) र न्याय सेवा आयोग ऐन, २०४८ को दफा ३ बमोजिम न्याय सेवा आयोगको सिफारिस र सोही ऐनको दफा ४(१) बमोजिम परामर्श लिनुपर्ने अनिवार्य व्यवस्था गरिएको हुँदा कुनै कर्मचारीलाई सामान्य विभागीय सजाय गर्न पाउने अधिकारीले कानूनद्वारा निर्धारित गरिएको प्रक्रियाको अवलम्बन नगरी आत्मगतरूपमा स्वेच्छाचारी ढङ्गले कारवाही गर्न सक्ने अवस्था नै नहुने हुँदा निवेदकले दावी लिएबमोजिम कानूनद्वारा निर्धारित कार्यविधि पूरा नगरी सीधै सामान्य विभागीय सजाय हुनसक्ने अवस्था नदेखिने ।

मातृ ऐनले दिएको अधिकारभन्दा बढी हुने गरी कुनै नियम बनेको भए त्यो अवस्थामा कानूनको संवैधानिकताको परीक्षण र न्यायिक पुनरावलोकनको विषय हुन सक्ने छुट्टै विषय हो । तर मातृ ऐनविपरीत नियम बनेको छैन भने त्यो अवस्थामा न्यायिक पुनरावलोकन र संवैधानिक परीक्षणको प्रश्न उठाउनु संविधानसम्मत् मान्न सकिन्न । सामान्य विभागीय सजाय गर्नुपूर्व ऐनको दफा ६६(१) र ६८ मा उल्लिखित कार्यविधि पूरा गर्नुपर्ने हुँदा निजामती सेवा नियमावली, २०५० को नियम १०९ को खण्ड (क) को व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा ६६ तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा (८) र (९) विपरीत हुने गरी बनेको भन्ने नदेखिँदा न्यायिक पुनरावलोकनको विषय हुनसक्ने कुरा नहुने ।

न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति, सरूवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा न्याय सेवा आयोगको सिफारिसबमोजिम गर्ने गरी न्याय सेवा आयोगको अधिकारक्षेत्र तोकेको पाइयो । यसरी न्याय सेवा आयोगलाई सजाय गर्ने अधिकार तोकेको नभई विभागीय सजायको लागि सिफारिससम्म गर्ने अधिकार तोकेको देखिन आयो । सम्बन्धित निकायबाट विभागीय सजायका लागि लेखी आएमा न्याय सेवाका राजपत्राङ्कित कर्मचारीका हकमा न्याय सेवा आयोगले सम्बन्धित निकायलाई सिफारिसमात्र गर्न सक्ने हो, सजाय गर्ने होइन । संविधान तथा कानूनले जुन निकायलाई जति अधिकार दिएको छ त्यतिसम्म प्रयोग गर्न पाउने

हो । एउटा निकाय वा अधिकारीलाई कानूनले दिएको अधिकार अर्कोले प्रयोग गर्न पाउनुपर्ने भनी माग राख्नु उचित होइन । न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति, सरूवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४(१) र न्याय सेवा आयोग ऐन, २०४८ को दफा ३ बमोजिमको सिफारिस र सोही ऐनको दफा ४(१) बमोजिम न्याय सेवा आयोगले दिएको परामर्शबमोजिमको सीमामा रही विभागीय सजाय गर्ने अधिकारीले सजाय गर्न सक्ने हुँदा निजामती सेवा नियमावली, २०५० को नियम १०६ मा सजाय गर्ने अधिकारी तोकिएको व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ सँग बाझिएको भन्न नमिल्ने ।

सार्वजनिक हक वा सरोकारको विवाद भनी यी निवेदकले कानून बदर माग गरी निवेदन गरेका छन् तर यस विवादको विषयवस्तुसँग निवेदकको सार्थक सम्बन्ध र सरोकार रहेको देखिएको छैन । कर्मचारी प्रशासनयन्त्रको सेवा सर्तसँग सम्बन्धित कर्मचारीहरू र त्यो सेवा सर्तसम्बन्धी कानूनमा आबद्ध रहेका न्याय सेवाका कर्मचारीहरूले आफ्नो तर्फबाट उचित प्रतिनिधित्व गर्न नसक्ने पक्ष हुन् भन्न मिल्दैन । आफ्नो हक हितमा आफैँ प्रतिनिधित्व गर्न सबल पक्षले आफ्नो सेवा सर्तसम्बन्धी कानूनमा कुनै चुनौती नदिएको अवस्थामा सार्वजनिक विवादको नाममा बेसरोकारवालाले आफ्नो लोकप्रियताका लागि कानून बदरको माग राख्नु पनि उचित मान्न नसकिने ।

निजामती सेवा नियमावली, २०५० को नियम १०९ को खण्ड (क) को व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा ६६(१) र (२) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा (८) र (९) सँग तथा नियम १०६ को खण्ड (घ) को व्यवस्थामध्ये देहाय ४, ५, ६, ७ र ८, खण्ड (च) को देहाय (२), खण्ड (छ) को देहाय ४, ५, ६ र ७, खण्ड (ज) को देहाय (२) र (३), खण्ड (झ) को देहाय २, ३ र ४, खण्ड (ञ) को देहाय २ र ३, खण्ड (ट) को देहाय २ र ३, खण्ड (ठ) को देहाय २ र ३, खण्ड (ड) को देहाय २, खण्ड (ढ) को देहाय २, खण्ड (ण) को देहाय २ को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ को उपधारा (१) सँग बाझिएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दीपक ढकाल
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल भदौ १२ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-WO-०१५९, प्रतिषेध/परमादेश, *गैसवानी खातुनसमेत वि. मालपोत कार्यालय, पर्सा, वीरगञ्जसमेत*

बिगो भरिभराउको दरखास्त परेपछि जारी भएका म्यादहरू निवेदकहरूको घर दैलामा मिति २०६४।६।२३ गते टाँस गरिएको पहिलो पटकको डाँक लिलाम गर्ने क्रममा जारी गरेको जनाउ म्याद मिति २०६५।५।११ मा र दोस्रो पटकको डाँक लिलाम गर्ने क्रममा जारी भएको जनाउ म्याद मिति २०६५।७।२० मा निवेदिकाको घर दैलामा टाँस गर्दा सम्बन्धित भिस्वा गाउँ विकास समितिका सचिवलाई रोहबरमा राखिएको भन्ने देखिँदैन ।

ती म्यादहरूमा गाउँ विकास समितिका प्राविधिक सहायकलाई रोहबरमा राखिएको उल्लेख छ । प्राविधिक सहायकले गाउँ विकास समितिको सूचना पाटीमा टाँस गर्नका लागि एकप्रति म्याद बुझिलिएको भन्ने उल्लेख भएको देखिन्छ । सोअनुसार सचिव वा प्राविधिक सहायकले बुझिलिएको एकप्रति म्याद गाउँ विकास समिति/नगरपालिकाको सूचना पाटीमा टाँस भएको देखिने वस्तुगत आधार र व्यहोरा सोही तामेली म्यादबाट देखिनुपर्दछ । जुन कुरा प्रस्तुत म्यादहरूमा सर्वथा अभाव छ । प्राविधिक सहायक वा कार्यालय सहायकले एकप्रति म्याद बुझिलिँदैमा अ.बं. ११० नं. को रीत पुगेको भन्न नमिल्ने ।

निवेदकहरूका नाउँमा बिगो भरिभराउको सिलसिलामा सुरूदेखि नै जारी भई घर दैलामा मिति २०६४।६।२३ गते टाँस भएका म्याद तथा मिति २०६५।५।११ र २०६५।७।२० मा टाँस भएका डाँक लिलामका जनाउ सूचनाहरू रीतपूर्वकको नदेखिँदा बिगो भराउको क्रममा वादीको दरखास्त पेस भएपश्चात भएका कामकारवाहीहरू रीतपूर्वक भएको देखिएन । तसर्थ बिगो भरिभराउको दरखास्तपश्चातका सम्पूर्ण कामकारवाहीहरू उत्प्रेषणका आदेशले बदर गरिदिएको छ । अब कानूनमा भएको व्यवस्थाअनुसारको प्रक्रिया पुर्‍याई लिलामको कार्य सम्पन्न गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर: रानु पौडेल
इति संवत् २०७० साल फागुन २२ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०२६७, घर भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ, *गायत्रीदेवी कुर्मी वि. रंगीलाल धोवी*

पुनरावेदन अदालतले सर्जमिन मुचुल्कालाई प्रमाणमा लिई वादी दावी खारेज हुने ठहर गरेको छ । तर मिसिल संलग्न सर्जमिन मुचुल्का हेर्दा सर्जमिन मुचुल्काका व्यक्तिहरूमध्ये कसैले उक्त जग्गामा बनेको घर २०४० सालमा बनेको, कसैले ३-४ वर्षअघि बनेको र कसैले ४-५ वर्षअघि बनेको भनेका छन् । सर्जमिनमा बस्ने मानिसहरूको भनाइमा एकरूपता नभई निजहरूको भनाइ एक आपसमा विरोधाभाषपूर्ण देखिएको छ । यस्तो विरोधाभाषपूर्ण सर्जमिनका मानिसको भनाइलाई मात्र आधार मानी अन्य ठोस प्रमाणको अभावमा विवादित जग्गामा बनेका घर प्रतिवादीहरूले २०४० सालमा नै बनाएका रहेछन् भन्न मिल्ने नदेखिने ।

विवादित जग्गा वादीका नाउँमा दर्ता रहेको देखिनुका साथै उक्त जग्गामा प्रतिवादीले २०४० सालमा घर बनाएको पुष्टि हुने ठोस र तथ्ययुक्त प्रमाण पेस गर्न नसकेको स्थितिमा सर्जमिनका मानिसहरूको परस्पर विरोधाभाषपूर्ण भनाइलाई मात्र आधार मानी विवादित जग्गामा बनेका घरहरू २०४० सालमा बनेको भन्न नमिल्ने हुँदा दावीको जग्गाको न.नं. ४क र ४ग का घरहरू र सो घरहरूले चर्चेको जग्गा आँगन र निकाससमेतका हकमा वादीको फिराद खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६६।३।२ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई वादी दावीबमोजिम घर भत्काई खिचोला मेटाई चलनसमेत चलाई दिने ठहर्‍याएको सुरू बाँके जिल्ला अदालतको मिति २०६४।२।२७ को

फैसला सदर हुने ।
इजलास अधिकृत: किशोर घिमिरे
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल मङ्सिर ८ गते रोज २ शुभम् ।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०८५२, कर्तव्य ज्यान, *बुद्धिबहादुर दमाई वि. नेपाल सरकार*

प्रतिवादी बुद्धिबहादुर दमाईंले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत साबित रही बयान गरेका छन् । मृतकहरूका शरीरमा गम्भीर चोट लागी अत्यधिक रक्तश्राव भएका कारणले मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएको छ । लास जाँच प्रकृति मुचुल्का हेर्दा मृतक गौरी दमाईंको घाँटी काटिएको जस्तो, दायाँ स्तनको भागमा धारिलो हतियारले काटिए जस्तो देखिई छातीभित्रका भित्री अङ्गसमेत देखिएको छ । अर्का मृतक जिते दमाईको अनुहारमा काटिएको घाउ देखिएको भन्ने व्यहोरा लास जाँच मुचुल्काबाट देखिएको छ । यसरी लास जाँच मुचुल्का एवम् शव परीक्षण प्रतिवेदनसमेतबाट मृतकहरूको मृत्यु प्रतिवादीले पुनरावेदनपत्रमा जिकिर लिए जस्तो चिसोका कारणले कठ्याङ्ग्रिएका कारणले भएको नभई कर्तव्यबाट भएको पुष्टि हुन आउने ।

आरोपित कसुरमा साबित प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा समेत बयान गरेको देखिन्छ । अदालतसमक्ष कसुरमा भएको निजको उक्त साबिती बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (२) को खण्ड (क) बमोजिम निजका विरूद्ध प्रमाणमा लिनपर्ने हुन्छ । मिसिल संलग्न प्रमाणहरूबाट अन्यथा नदेखिए प्रतिवादीको अदालतसमक्ष कसुरमा भएको साबिती कथनलाई समर्थित गर्न साधारणतयाः कुनै प्रमाण आवश्यक नहुने ।

मृतक जिते दमाईले यी प्रतिवादीकी श्रीमती गौरी दमाईसँग विवाह गरेपछि निजले मृतक जिते दमाईलाई लखेटेको आफूले देखेको भनी जाहेरवाला नैने दमाईंले अनुसन्धान अधिकारीसमक्ष कागज गरी सो अनुसन्धान अधिकारीसमक्ष गरेको कागजको व्यहोरालाई समर्थन गरी अदालतमा समेत सोही बेहोराको बकपत्र गरिदिएको देखिन्छ । निज जाहेरवाला नैने दमाईंले अनुसन्धानको क्रममा व्यक्त गरेको कुरालाई समर्थन गरी अदालतमा आई बकपत्र गरिदिएको यस्तो स्थितिमा निजको सो भनाइलाई प्रमाण ऐन, २०३१ को दफा १८, २५ र ३७ समेत बमोजिम प्रत्यक्ष प्रमाणको रूपमा लिनुपर्ने हुन आउँछ । यसरी प्रतिवादी स्वयम्को साबिती बयानलाई लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा जाहेरवालाले अनुसन्धानको क्रममा तथा अदालतमा गरेको बकपत्रसमेतका प्रत्यक्ष प्रमाणहरूबाट मृतकहरूलाई यी प्रतिवादीले कर्तव्य गरी मारेको तथ्य समर्थित भएको देखिन आउने हुँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।२।१२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: किशोर घिमिरे
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल पुस १४ गते रोज २ शुभम् ।

**इजलास नं. १**

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री कल्याण श्रेष्ठ,** ०६६-CI-०५३९, लेनदेन, *रामदरेश यादव वि. सुशील दास तत्मा*

प्रतिवादीले वादीलाई दृष्टिबन्धक लेखी दिई कर्जा दिएको छ । दृष्टिबन्धक भनेको कुनै अचल सम्पत्ति धितो राखी ब्याज दिन कबुल गरी यति भाखाभित्र साँवा ब्याजसमेत नबुझाएमा सो धितोबाट असुलउपर गर्नु भनी बन्धक राख्दा लेखी दिने तमसुक हो (नेपाली बृहत शब्दकोष, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं) दृष्टिबन्धकको लिखतबाट साहुले दृष्टिबन्धक राखेको सम्पत्तिमाथि स्वामित्व (Ownership) प्राप्त गर्नसक्ने नभई भोग (Possession) सम्म मात्र प्राप्त गर्नसक्ने हुन्छ । साहुले आफूले ऋणीलाई दिएको ऋण असुलीको सुनिश्चितताको लागि जग्गा धितो राखी यस्तो लिखत गर्ने गरिन्छ । यदि ऋणीले तोकिएको भाखाभित्र ऋण नतिरेमा साहुले या त दृष्टिबन्धकको लिखतमा उल्लिखित सम्पत्ति भोग गर्न सक्दछ, या त आफूले दिएको ऋण असुलीतर्फ कानूनी कारवाही चलाउन सक्दछ । तर दृष्टिबन्धकको लिखतमात्रबाट साहुले आफूले दिएको ऋण असुल गर्न र ऋणीका नाउँको सम्पत्ति साहुका नाउँमा हक हस्तान्तरण हुन नसक्ने ।

लेनदेन व्यवहारको महलको ३ नं. को अन्तिम वाक्यांशबमोजिम चलनतर्फ नालिस नदिए पनि दृष्टिबन्धकको लिखत कपालीमा परिणत हुने कानूनी व्यवस्था रहेको स्पष्ट छ । यस परिप्रेक्ष्यमा लिखतको भाखा नाघेको २ वर्षपश्चात चलन गर्न नदिएको वा नपाएको भनी परेको फिरादलाई कानूनबमोजिम नै मान्नुपर्ने हुन्छ । लिखतमा उल्लेख भएको अचल  चलन गर्न नालिस गरेपछि वा नालिस गर्ने हदम्याद समाप्तपछि मात्र कपालीमा परिणत हुने भनी व्याख्या गर्दा साहुलाई चलनतर्फ नालिस गर्न बाध्य गरिएको भन्ने बुझिने हुन्छ र त्यसरी व्याख्या गर्नु लेनदेन व्यवहारको ३ नं. को प्रयोजन र मनसायप्रतिकूल भई सो व्याख्या कानून र न्यायसङ्गत नहुने ।

प्रतिवादीले वादीबाट मिति २०५९।८।२४ मा दुई वर्षको भाखा राखी रू.२,१६,०००।– को दृष्टिबन्धकको लिखत गरिदिएकोमा उक्त लिखतको भाखाभित्र साँवा ब्याज पनि नबुझाएको र दृष्टिबन्धकको जग्गा भोग चलन गर्न पनि नदिएको भनी उक्त मिति २०५९।८।२४ को दुई वर्षको भाखा नाघेपछि मिति २०६१।९।१३ मा फिराद पर्न आएको छ । दृष्टिबन्धक लिखतको भाखा नाघेपछि चलन नदिएमा चलनतर्फ छुट्टै नालिस दिनैपर्ने भन्ने उक्त लेनदेन व्यवहारको महलको ३ नं. को मनसाय देखिँदैन  र चलनतर्फ नालिस दिई चलन पाउने ठहरी फैसला भएमा पनि त्यस्तो चलन पाउने ठहरेको फैसलाबाट साहुले दिएको ऋण असुल हुनसक्ने अवस्था पनि हुँदैन । लेनदेन व्यवहारको महलको ३ नं. को अन्तिम वाक्याँशबमोजिम चलनतर्फ नालिस नदिएमा पनि लिखत कपालीमा स्वत: परिणत हुने हुँदा लिखतको भाखा नाघेपछि वादीले प्रतिवादीलाई दिएको ऋण असुल गर्नका लागि फिराद दिनसक्ने नै हुन्छ । मिति २०५९।८।२४ को लिखतको दुई वर्षको भाखा मिति २०६१।८।२४ मा समाप्त भएपछि चलन गर्न नदिएमा वा नपाएमा सो लिखत कपालीमा परिणत हुन जाने हुँदा कपालीमा परिणत

भएपछि मिति २०६१।९।१३ मा परेको फिराद हदम्यादभित्रै परेको मान्नुपर्ने हुन्छ। दृष्टिबन्धकको लिखत कपाली भएको स्थितिमा भाखा नाघेको दुई वर्षअगावै नालिस दिएको भनी भन्न नमिल्ने हुँदा फिराद खारेज गरेको पुनरावेदन अदालतको फैसला कानून र न्यायको रोहमा मिलेको देखिन नआउने।

भरपाई लिखतमा नै वादी र प्रतिवादीबीचको मिति २०५९।७।१३ को रू. ७,०१,०००।– को लिखतको साँवा ब्याजको लिखतबमोजिमको साँवा ब्याज भनी उल्लेख भएको छ । वादी दावीको २०५९।८।२४ को रू.२,१६,०००।– को लिखतका सम्बन्धमा उक्त भरपाईमा कुनै व्यहोरा कहीँकतै केही उल्लेख भएको देखिँदैन । उक्त भरपाईमा उल्लेख भएको "अब निज सुशीलउपर कुनै किसमको लेनदेन लिखत तमसुक छैन" भन्ने व्यहोराले सोही भरपाईमा उल्लिखित मिति २०५९।७।१३ को तमसुकलाई मात्र इङ्गित गर्ने हुँदा २०५९।७।१३ को लिखतका सम्बन्धमा कुनै दायित्व छैन भन्ने अर्थ गर्नुपर्ने हुँदा सो भरपाईले मिति २०५९।८।२४ मा भएको अर्को तमसुकलाई समेत समावेश गरेको भन्न नमिल्ने।

प्रमाण ऐन, २०३१ को दफा २७(२) बमोजिम वादीलाई दिनु वा बुझाउनुपर्ने कुरा दिए वा बुझाएको भन्ने कुरा प्रमाणित गर्ने भार प्रतिवादीमा रहने हुन्छ। तर प्रतिवादीले दिए बुझाएको भनेको मिति २०६०।१२।९ को भरपाईमा २०५९।७।१३ को लिखतको साँवा ब्याज बुझाएको भरपाई भनी स्पष्टरूपमा लेखिएको र वादी दावीको मिति २०५९।८।२४ को लिखतको सम्बन्धमा केही पनि उल्लेख नभएको स्थितिमा प्रतिवादीले वादीलाई उक्त २०५९।८।२४ को लिखतबमोजिमको साँवा ब्याजको रकमसमेत बुझाइसकेको रहेछ भनी भन्न र मान्न नमिल्ने।

प्रतिवादीले वादीबाट मिति २०५९।८।२४ मा रू.२,१६,०००।– लिई दृष्टिबन्धकको लिखतसमेत लेखी दिएकोमा उक्त लिखतबमोजिम अचल सम्पत्ति भोग नगरेकाले लेनदेन व्यवहारको महलको ३ नं. बमोजिम कपालीमा परिणत भएको र प्रतिवादीले वादीलाई सो लिखतमा लेखिएको रकम बुझाएको प्रमाणित हुन नसकेको हुँदा वादीले प्रतिवादीबाट मिति २०५९।८।२४ को लिखतबमोजिमको साँवा र कानूनबमोजिमको ब्याजसमेत भराई लिन पाउने।

वादीको फिराद लेनदेन व्यवहारको ३ नं. को दृष्टिबन्धकको लिखत उल्लेख भएको भाखा नाघेपछि कपाली भई सो कपालीको हदम्यादभित्र परेको अवस्थामा पनि लेनदेन व्यवहारको महलको ३ नं. को हदम्यादभित्र नपरेको भनी फिराद खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।३।२९ को फैसला उक्त लेनदेन व्यवहारको महलको ३ नं. को प्रावधानविपरीत हुँदा सो फैसला उल्टी भई वादीले प्रतिवादीबाट २०५९।८।२४ को दृष्टिबन्धक लिखतको साँवा र कानूनबमोजिमको ब्याजसमेत भराई लिन पाउने ठहर्‍याएको महोत्तरी जिल्ला अदालतको मिति २०६२।११।२१ को फैसला सदर हुने।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: मञ्जिता ढुङ्गाना

इति संवत् २०७१ साल वैशाख २३ गते रोज ३ शुभम्।

## २

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CI-०४६३, निषेधाज्ञा/परमादेश, *श्यामकुमार साहु वि. डिल्लीबहादुर खत्रीसमेत*

यी रिट निवेदक सोही छिटाहा गा.वि.स. कार्यालयमा खरिदार पदमा कार्यरत रहेकोमा उक्त गा.वि.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचनाको जानकारी पाइन भनी लिएको जिकिर पत्यारलाग्दो देखिन आउँदैन। गा.वि.स. को सूचना पाटी र डेली पत्रिकामा समेत प्रकाशित गरेको बढुवाको सूचनाको जानकारी यी निवेदकले पाउन नसकी बढुवा हुने अवसरबाट वञ्चित गराएको भन्ने तथ्य पुष्टि हुन नसकेकाले बढुवा प्रक्रियामा सहभागी हुन नपाउने आशङ्काको विद्यमानता रहेको देखिन नआउने।

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२६ मा "बढुवामा चित्त नबुझ्ने स्थानीय निकायको कर्मचारीले बढुवाको नामावली प्रकाशित भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित स्थानीय निकायको सचिवमार्फत् मन्त्रालयको सचिवसमक्ष पुनरावेदन गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको छ। यी रिट निवेदकले जिकिर लिएको बढुवा पदपूर्ति समितिले प्रकाशित गरेको सूचनाबमोजिमको बढुवाको निर्णय गर्न बाँकी नै रहेको र निर्णय गरिसकेपश्चात समेत सो निर्णयउपर पुनरावेदन गर्न पाउने कानूनी हकसमेत सुरक्षित नै रहेको अवस्था विद्यमान रहेकाले निवेदन मागबमोजिम निषेधाज्ञायुक्त परमादेशको आदेश जारी नहुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला अन्यथा देखिन नआउने।

निवेदकले बढुवा पदपूर्ति समितिले बढुवाको सूचना गा.वि.स.को सार्वजनिक सूचना पाटीमा टाँस गरी ब्लाष्ट टाइम्स डेली पत्रिकामा समेत प्रकाशित गरेको देखिँदा सो बढुवा सूचनाको जानकारी यी निवेदक पुनरावेदकले पाउन नसकेको अवस्थाको विद्यमानता रहेको नहुँदा रिट निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।११।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्र कालाखेती
कम्प्युटर: मन्जिता ढुङ्गाना
इति संवत् २०७१ साल जेठ ११ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-००८८, उत्प्रेषण/परमादेश, *रामआधार मिश्र वि. सुरेन्द्र मिश्र ब्राह्मणसमेत*

कि.नं. ५४ का हकमा खिचोला ठहरी भएको फैसला सर्वोच्च अदालतबाट सदर भई अन्तिम भएबाट अदालतबाट ठहरेबमोजिमको फैसला कार्यान्वयनको लागि कानूनबमोजिम दरखास्त परी फैसला कार्यान्वयनको चरणमा कि.नं. ५५ को पक्की घर फैसलाले भत्काउन नबोलेकोमा सोसमेतको चलन चलाउने कार्यउपर आपत्ति जनाई यी निवेदकले तहसिलदारसमक्ष सो हदसम्मको उजुरी दिएकोमा फैसला कार्यान्वयनको कार्य रोक्न नमिल्ने भनी तहसिलदारबाट भएको आदेशसमेत अन्तिम भएको कि.नं. ५५ मा रहेको पक्की घरका हकमा चलनको कारवाही प्रक्रियामा यी निवेदकले आपत्ति जनाए पनि यस अदालतबाट समेत खिचोला मेटाई चलन चलाउन पाउने ठहर फैसला भई बसेको कार्यान्वयनको विषयमा यस अदालतबाट रिट क्षेत्राधिकारको रोहबाट हस्तक्षेप गर्न मुनासिब नहुँदा तहतह फैसला भई अदालतको अन्तिम फैसलाबमोजिम फैसला कार्यान्वयनको प्रक्रिया प्रारम्भ भएकोमा यस अदालतबाट रिट

क्षेत्राधिकार प्रयोग गरी हस्तक्षेप गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ २० गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-WO-१०१०, परमादेश, *अधिवक्ता राजीव सिन्हा राजु वि. पशुपतिक्षेत्र विकास कोष, गौशाला, काठमाडौंसमेत*

संविधानमा उल्लिखित प्रावधानअनुसार प्रत्येक व्यक्तिले प्रचलित समाजिक एवम् साँस्कृतिक परम्पराअनुसार पूजा गर्न पाउनु मौलिक अधिकार भएको र परम्परादेखि चलिआएका त्यस्ता स्थापित पूजा परम्पराको निरन्तरतासमेत हुनुपर्छ । यसरी परापूर्वदेखि चलिआएको धार्मिक आस्था एवम् मान्यतामाथि चोट पुग्ने गरी अन्यथा निर्णय गर्नु पनि मनासिब हुने देखिन्न। पूजा गर्दा विशेष पूजाको सामग्रीले असङ्गत प्रवेश पाउने र सामान्य पूजाले भने पशुपतिनाथको मूर्ति रहेको स्थलमा प्रवेश नपाई ढोकाबाहिर नै थन्क्याउन पर्ने अवस्था वाञ्छनीय नहुने।

कुनै पनि भक्तले भक्तिको अभिव्यक्त गरेको अनुभूति नै गर्न नसक्ने गरी पूजा सामग्रीहरू नै बाहिरिन पर्ने अवस्था ठीक हुँदैन भने पूजा सामग्रीहरू चढाउने नाममा मूर्ति र सो रहेको क्षेत्रउपर नै क्षय वा ह्रास हुने गरी नकारात्मक असर पर्न दिन पनि मनासिब हुँदैन । तसर्थ सम्बन्धित निकाय एवम् व्यक्तिहरूबाट सन्तुलित ढङ्गले पूजा व्यवस्थापन गर्नुपर्ने हुन आउने।

भक्तजनले ल्याएको पूजा सामग्रीलाई मूर्ति रहेको गर्भगृहसम्म भट्ट र भण्डारीले चढाउने, पूजा गर्नेसमेतका कार्यको व्यवस्थापन गर्नुपर्ने हुन्छ । नन्दी रहेको क्षेत्र पनि पशुपति भगवानको क्षेत्र रहने हुनाले सो स्थानसम्म भए पनि पूजा प्रसादहरूलाई प्रवेश दिन यस अदालतबाट अन्तरिम आदेश भएकोमा सोको पनि पूर्ण र यथार्थ कार्यान्वयन भएको भन्ने प्राप्त प्रतिवेदनबाट समेत देखिन आएन। यसको साथै अदालतको आदेशबमोजिम काम गर्न भण्डारी र भट्टबीचको समन्वय आवश्यक भए सोसमेतको जो चाहिने व्यवस्था गर्नु पनि पशुपतिक्षेत्र विकास कोषको जिम्मेवारी हुने हुनाले समस्या देखाएर भक्तजनको पूजा सामग्रीको उपेक्षा गर्न दिन मिल्ने नदेखिने।

सर्वसामान्यत: पूजा सामग्रीको शुद्धताको कुरालाई लिएर भगवानसमक्ष पुर्‍याउन बाधा परेको भन्ने पशुपतिक्षेत्र विकास कोषको धारणा हो भने पनि कोषले व्यवस्था गरेको सामग्री शुद्ध र अन्य व्यक्तिले आफ्नैतर्फबाट ल्याएको पूजा सामग्रीको शुद्धता छैन वा रहँदैन भन्ने कुराको विश्वास गर्न सकिने आधार पनि विपक्षीले दिन सकेको छैन । शुद्ध सामग्री चढाउन प्रोत्साहित गर्नु आफैँमा नराम्रो कुरा नभए पनि त्यसको प्रक्रिया वा संयन्त्र निर्धारण नगरी भक्तजनको पूजा सामग्री अशुद्ध भनी लाञ्छित गर्नु उचित नहुने।

यस अदालतको आदेशबमोजिम काम गर्न नियममा व्यवस्था गरी वा अन्य काम गरी व्यवधान गर्न दिन सकिँदैन । पशुपतिक्षेत्र विकास कोषको जिम्मेवारी भनेको भक्तजनहरूले आफ्नो आस्था र क्षमताअनुसार पूजा गर्न बाधा गर्ने नभै त्यसमा सहजीकरण गर्ने हो । भट्ट वा भण्डारीको कुनै समस्या देखाएर पूजा प्रक्रियामा अवरोध गर्नु कोषको स्वाभाविक जिम्मेवारीभित्र पर्दैन । पशुपतिनाथको मन्दिर सार्वजनिक स्थल भई

धार्मिक हक एवम् आस्थाको विषय भएकोमा यसको व्यवस्थापन गर्नु सार्वजनिक सरोकारको विषय भएको र पूर्व आदेश हुँदासमेत त्यस सम्बन्धमा कारवाही चलाएको भए पनि त्यसको कार्यान्वयन नभएकोबाट आस्थाअनुसार पूजा गर्ने कार्यमा अवरोध भएको देखिन आउने।

पशुपतिनाथको पूजामा विशेष वा साधारणको रूपमा वर्गीकरण गरी एउटालाई गर्भगृहसम्म प्रवेश गर्न दिने र अर्कालाई इन्कार गर्ने जस्ता भेदभावपूर्ण र अवरोधजन्य कार्य नगर्नू। भक्तजनलाई नै पशुपतिनाथबाट विच्छेद् गर्ने वा निरूत्साहित गर्ने किसिमको काम गर्न कोष खडा गरेको नहुँदा भक्तजनको आस्था सकारात्मकरूपले जोगाइराख्न र धार्मिक आस्थाको जगेर्ना गरिराख्न निवेदकको सरोकारको उपेक्षा गर्न नमिल्ने हुँदा बिनाभेदभाव पूजा सामग्रीको हकमा आवश्यक परीक्षण वा सर्त तोक्नुपर्ने भए तोकी पूजा गर्न ल्याएको समग्रीहरू मूर्ति रहेको क्षेत्रभित्र अर्थात् ढोकाभित्र सम्भव भएसम्म गर्भगृहभित्र नन्दी रहेको क्षेत्रसम्म प्रवेश दिन अविलम्ब जो चाहिने व्यवस्था गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

इति संवत् २०७१ साल असोज २२ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६९-WO-०१२०, उत्प्रेषण/परमादेश, *विनोद फुयाँल वि. पशुपतिक्षेत्र विकास कोष, गौशाला, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०९२४, रोक्का रूखहरू काटी लुटपीट गरेको, *गङ्गाप्रसाद दास कथवनिया वि. पवित्रीदेवीसमेत*

उजुरीकर्ताले उल्लेख गरेको दे.नं. २१३४ को अंशदर्ता मुद्दा पुनरावेदन अदालत, जनकपुरबाट सदर भई अन्तिम भएको र सोअनुरूप बन्डा मुचुल्का भएको कुरालाई समेत यी पुनरावेदकले आफ्नो पुनरावेदनपत्रमा स्वीकार गरिरहेको यस्तो अवस्थामा निजले दावी लिएकै भरमा दावीका जग्गाहरूमा रूख भई प्रतिवादीहरूले उक्त रूखहरू लुटी लगे भनी निष्कर्षमा पुग्न मिल्ने नदेखिने।

पुनरावेदक वादी गङ्गाप्रसाद दास कथवनिया र प्रत्यर्थी पवित्रीदेवीसमेत भई चलेको अंशदर्ताको मुद्दाको रोहमा रोक्का रहेका जग्गाका रूखहरू प्रतिवादी प्रत्यर्थीहरूले लुटी लगेको भन्ने तथ्य स्थापित नभएको एवम् उक्त मुद्दाबाट चार भागको १ भाग अंशसमेत पाउने ठहरी भएको फैसला अन्तिम भई सोही अन्तिम फैसलाबमोजिम बन्डा मुचुल्कासमेत भई बन्डा टुक्र्याई आआफ्नो भाग बुझिसकेको भन्नेसमेत मिसिलबाट देखिँदा दावीका जग्गामा रहेका रूखहरू प्रत्यर्थीहरूले लुटी लगेको भन्ने अनुमान गरी न्यायिक निष्कर्षमा पुग्न न्यायोचितसमेत हुने नहुँदा दावी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।०६।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ। लुटपीटतर्फ दावी पुग्ने ठहर्‍याई फैसला गरिपाउँ भन्नेसमेतको वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-००२१, उत्प्रेषण/परमादेश,

*पटनामाया तामाङ वि. पञ्चमाया तामाङ*

प्रचलित कानूनबमोजिम अनुसन्धान तहकिकातका लागि म्याद थपको अनुमति गर्दासमेत बिनाकारण म्याद थप नगर्नु औचित्यपूर्ण देखिन्न । कानूनले तोकेको प्रक्रिया पूरा गरी उक्त मुद्दामा अनुसन्धान तहकिकात गर्न नपर्ने वा मुद्दा चलाउन नपर्ने निर्णय भएको भन्ने पनि विपक्षी जिल्ला प्रहरी कार्यालयको जवाफबाट देखिएको छैन । सरकारवादी भई चल्ने ठगी जस्तो मुद्दामा शङ्कित व्यक्तिउपर जाहेरी दर्ता भइसकेपछि त्यसको अनुसन्धान तहकिकातको कार्य सम्पन्न नगरी वा अनुसन्धान तहकिकात नै गर्न नपर्ने गरी कारवाही स्थगन गर्नेसम्मको युक्तियुक्त कारणको अभावमा पीडित भनिएको प्रत्यर्थी पञ्चमाया तामाङले आफूले न्यायिक कारवाही सूचारूको माग लिई अदालत प्रवेश गर्नु जायज देखिन आयो। यस्तो अवस्थामा यी पुनरावेदकले आफूउपर ठगी मुद्दा दायर भए पनि आफूले दायर गरेको निषेधाज्ञाको निवेदनको आदेशमा भएको व्यहोराकै कारणले उक्त ठगी मुद्दाको अनुसन्धान अभियोजनको कार्य सुचारू गर्न नमिल्ने भन्ने यी पुनरावेदिकाको पुनरावेदन जिकिरसमेत कानूनसङ्गत् देखिन नआउने ।

निवेदिका पञ्चमाया तामाङले यी पुनरावेदिका पटनामाया तामाङउपर जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा ठगी मुद्दाका लागि जाहेरी दिई निज पटनामाया तामाङलाई पक्राउ गरी अनुसन्धानको लागि हिरासतमा राख्न विपक्षी मकवानपुर जिल्ला अदालतमा म्याद थप अनुमति माग गर्दा म्याद थप गर्न मिल्ने देखिएन भन्ने आधार लिई भएको विपक्षी मकवानपुर जिल्ला अदालतको मिति २०६८।२।२ को आदेशसमेत कानूनअनुरूपको नदेखिँदा उक्त आदेशलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी ठगी मुद्दामा कानूनबमोजिम कारवाही पूरा गरी निकास दिनु भनी विपक्षी जिल्ला प्रहरी कार्यालय, मकवानपुरसमेतका नाममा परमादेश जारी गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१२।१५ को आदेश मिलकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०१६२, छुट जग्गा दर्ता नामसारी, *मालपोत कार्यालय, भक्तपुरका तर्फबाट प्रमुख मालपोत अधिकृत श्री हरि बखती वि. सावित्री राणा*

मालपोत कार्यालय, भक्तपुरको मिति २०४९।०३।३० को निर्णयले सुडाल गा.वि.स. वडा नं. ४ (क) कि.नं.२८५ को १२-४-०-० र ऐ.ऐ. वडा नं. ९ (क) कि.नं. १६ को २२-०-०-० कित्ता जग्गा नेपाल सरकार (सरकारी मोठ ठे.नं.१/१० र १/२५) को नाममा कायम भई स्रेस्ता प्रमाणितसमेत भइसकेको देखिँदा यस्तो जग्गा दर्ता गर्ने अधिकार यस मालपोत कार्यालयलाई नभएकाले लगत कट्टा गरी मिसिल तामेलीमा राखिदिने भनी मिति २०६६।६।८ मा निवेदनसमेत तामेलीमा राखिदिने गरी निर्णयसमेत भएको देखिएको छ। दावीको जग्गा नामसारी गरी जग्गाधनी प्रमाणपुर्जा पाउनका लागि २०५२।९।२५ मा निवेदन दायर भइसकेपछि आफ्नो क्षेत्राधिकारभित्रको विषयका सम्बन्धमा के कस्तो प्रक्रिया अवलम्बन गरी दावी पुग्ने नपुग्ने सम्बन्धमा जे जो बुझ्नुपर्ने हो बुझी प्रमाणको यथोचित मूल्याङ्कन गरी प्रचलित कानूनको अधीनमा रही निर्णय गर्नुपर्ने कर्तव्य

मालपोत कार्यालय, भक्तपुरमा निहित रहेकोमा सो नगरी नेपाल सरकारका नाउँमा कायम भएको भन्ने मिति २०४९।०३।३० को निर्णयलाई आधार लिई माग दावीका सम्बन्धमा निर्णय नै नगरी मालपोत कार्यालय, भक्तपुरबाट तामेलीमा राख्ने गरी निर्णय भएको देखियो। कानूनले नै मालपोत कार्यालयलाई प्रचलित कानूनबमोजिम जग्गा दर्ता हुने नहुने सम्बन्धमा निर्णय गर्ने स्पष्ट अधिकार प्रत्याभूत गरेको र त्यस्तो अधिकारको प्रयोग गर्ने निकायकारूपमा रहेको मालपोत कार्यालयले कानूनले निर्धारण गरेको अधिकार प्रयोग नगरी कारणसमेत उल्लेख नगरी पूर्ववर्ती २०४९।०३।३० को निर्णय टेकी कानूनी कर्तव्य पन्छाएको कार्य कानूनसम्मत मान्न नमिल्ने।

सुरू मालपोत कार्यालय, भक्तपुरबाट मिति २०६६।६।८ मा निवेदन तामेलीमा राखिदिने गरी भएको निर्णय बदर गरी मागबमोजिम हुने नहुने सम्बन्धमा निर्णय गर्नु भनी सुरू मालपोत कार्यालय, भक्तपुरमा पठाइदिने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।०१।२२ को फैसला कानूनको रोहमा मिलेकै देखिँदा सदर हुन्छ। सुरू मालपोत कार्यालय, भक्तपुरको मिति २०६६।०६।०८ को निर्णय कायमै राखिपाउँ भन्ने मालपोत कार्यालय, भक्तपुरको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०६४६, निषेधाज्ञा, *ध्रूवकुमार साह वि. ओमप्रकाश साह तेलीसमेत*

निवेदकले दावी लिएको कि.नं.४७, ५९, ६०, ६१, ६२ र ४८ का जग्गा बन्डा मुचुल्का हुनुभन्दा अगावै चलेको ७ नं. फाँटवारी मुद्दामा भएको निर्णयले निवेदकको नदेखिई ओमप्रकाश साह तेलीको जग्गा देखिन आएको र भूमिसुधार कार्यालय, बाराबाट मिति २०६८।८।२ मा निर्णय भएको भन्ने मिसिलवाट देखिएको छ। मिसिल संलग्न भूमिसुधार कार्यालय, बाराका भूमिसुधार अधिकारी राजराजेश्वर तिवारीले मिति २०६८।८।२ मा गरेको निर्णयको प्रतिलिपि हेर्दासमेत दावीको कि.नं. ४७ समेतका जग्गाहरू ओमप्रकाश साह तेलीले राख्न पाउने हदभित्रको जग्गा विवरण भनी उल्लेख भएको देखियो। यसरी ७ नं. फाँटवारी छानबिन मुद्दामा निर्णय हुँदा नै उल्लिखित कि.नं. ४७ समेतका जग्गाहरू ओमप्रकाश साह तेलीले हदभित्रमा राख्न पाउने भनी निर्णय भएको र सो निर्णय अन्यथा भएको भनी यी पुनरावेदकले भन्न सकेको अवस्थासमेत नदेखिने हुँदा दावीको जग्गामा यी पुनरावेदकको हक स्थापित भएको भन्ने नदेखिइरहेको यस्तो स्थितिमा मिलापत्रको बन्डा मुचुल्काबमोजिमको सो जग्गा निजको नै हो भनी अनुमान गर्नसमेत मिल्ने भएन। पुनरावेदकले दावी लिएको कि.नं.४७ समेतका जग्गामा निजको निर्विवाद हक नभएको स्थितिमा मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नसमेत मिल्ने नहुँदा आदेश जारी हुन नसक्ने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६९।२।३१ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

- यसमा यसै प्रकृतिको ०६९-CI-

०६४७, निषेधाज्ञा, *ध्रुवकुमार साह वि. रञ्जितकुमार साहसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-०९०७, परमादेश, *जिल्ला रौतहट, सिमरा भवानीपुर गाउँ विकास समिति वडा नं. ६ स्थित राजदेवी प्राथमिक विद्यालय जोगौलिया र ऐ. विद्यालय व्यवस्थापन समिति वि. राजेन्द्रप्रसाद साह*

राजदेवी प्राथमिक विद्यालयमा राहत कोटाअन्तर्गत नियुक्त भएका भनिएका दीपेन्द्र कुमार सिंह ६ महिनाका लागि नियुक्त भएको र उक्त पदावधि लगभग पूरा भएको देखिएको तथा उक्त राहत कोटाको पदपूर्ति भएको पद नै ६ महिनाको लागि भएको भन्ने देखिएको छ। पदपूर्ति भएको भनिएको शिक्षकको कोटा राहत कोटा भई त्यस्तो कोटामा नियुक्त भएका शिक्षकको अवधि नै ६ महिनाको भएको देखिएको र बाँकी अवधिसमेत नदेखिएको अवस्थामा पदावधि बाँकी रहेको पुरानै परीक्षाको आधारमा यी निवेदक प्रत्यर्थीलाई नियुक्ति दिन सकिने अवस्थासमेत नहुँदा पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६७।६।२० मा आदेश हुँदा रिक्त पदमा नियुक्त गर्नु भनी गरेको आदेश मिलेको नदेखिने।

निवेदकले दावी गरेको पद स्थायी प्रकृतिको पद भई तत्काल ६ महिनाका लागि राहत कोटाअन्तर्गत नियुक्त गर्नुपर्ने भएको भई निज दिपेन्द्र कुमार सिंह प्रतिस्पर्धाबाट नियुक्त भएको र निजको उक्त पदावधि नै समाप्त भएकोमा उक्त रिक्त दरबन्दीमा कानूनबमोजिम प्रतियोगिता गराई पूर्ति गर्नुपर्ने हुन आउने हुँदा निवेदकको मागबमोजिम उक्त रिक्त रहेको पदमा नियुक्तिका लागि पुरानै प्रक्रियालाई निरन्तरता दिन नमिल्ने।

विवेचित आधार प्रमाणसमेतबाट प्रत्यर्थी राजेन्द्रप्रसाद साहलाई राहत कोटाको अस्थायी शिक्षक पदमा नियुक्ति दिनु भनी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।६।२० को आदेश नमिलेकाले उल्टी हुने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-१२०७, उत्प्रेषण/परमादेश, *महादेवप्रसाद चौरसियासमेत वि. ललन ठाकुर लोहार*

प्रस्तुत विवादमा क्लबको निर्वाचनसँग सम्बन्धित भएका सम्बन्धमा विवाद भए त्यसका सम्बन्धमा नियमन गर्ने निकायले आवश्यक कारवाही गर्नसक्ने नै हुन्छ। यस्तो अवस्थामा कानूनबमोजिम स्थापना नै नभएको वा कानूनको व्यवस्थाअनुरूप अनुमति प्राप्त नै नगरी खडा भएका यस्ता क्लबका हकमा क्लबको निर्वाचनको विषय र त्यससँग सम्बन्धित काम कारवाहीका विषय न्यायिक परीक्षणका विषय हुन नसक्ने भएबाट उक्त क्लबसँग सम्बन्धित कामकारवाहीका विषयलाई लिएर परेको निवेदनमा मागबमोजिमको अवस्था विद्यमान नभई उत्प्रेषणको निवेदन जिकिर नपुग्ने ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।७।३० को आदेश कानूनसम्मत नै देखिन आउने।

कानूनबमोजिम स्थापित नै नभएको क्लबका हकमा उक्त क्लबको कामकारवाहीद्वारा

सिर्जित विषयलाई लिएर त्यस्ता कामकारवाही र निर्वाचनसँग सम्बन्धित विषयसमेत उत्प्रेषणको आदेशले बदर गरिरहनपर्ने नहुँदा उत्प्रेषणको निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।७।३० को आदेश सो हदसम्मको मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-१३१३, निषेधाज्ञा, *सीता कार्की वि. जिल्ला प्रहरी कार्यालय, मकवानपुर हेटौंडा*

आफू र रेवन्त दाहालबीच भएको घर जग्गा खरिद बिक्रीको बैनाबाट सिर्जित प्रस्तुत विवादमा निज रेवन्त दाहालसमेतलाई प्रस्तुत मुद्दाको निवेदन दायर गर्दा विपक्षी बनाएको देखिएन। विपक्षीमध्येका जिल्ला प्रहरी कार्यालयले पक्राउ गर्नु गराउनुपर्ने कारण नै नभएको भनी स्पष्ट जवाफ दिएको र निवेदकउपर निजले शङ्का गरेजस्तो कुनै क्रियाकलाप भएमा तत्बखत नै प्रचलित कानूनबमोजिम उपचार प्राप्त गर्नसक्ने अवस्थासमेत रहेकाले निजले आशङ्का गरेको निवेदन व्यवहोराबाट उल्लिखित अवस्थाको विद्यमान रहेको नदेखिने।

माथि विवेचित आधार कारणसमेतबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिएकाले निवेदन खारेज हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।७।१० को आदेश कानूनसङ्गत देखिँदा उक्त आदेश सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-WO-१३०१, उत्प्रेषण/परमादेश, *नरेन्द्रराज श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक नरेन्द्रराज श्रेष्ठ र विपक्षी भीष्मभूषण श्रेष्ठ एकासगोलका अंशियार रही मिति २०३३।१०।५ मा घरसारमा खडा भएको बन्डापत्रबमोजिम छुट्टिभिन्न भएको देखिन्छ । निजहरू छुट्टिभिन्न भैसकेपश्चात उक्तबमोजिमका जग्गाहरू निवेदक नरेन्द्रराज श्रेष्ठले हालैको बकसपत्रबाट प्राप्त गरी निजको एकलौटी हकभोगमा रहेको देखिन्छ । मुलुकी ऐन, (सातौं संशोधन २०३४) पश्चात घरसारमा खडा भएका बन्डापत्रलाई सम्बन्धित मालपोत कार्यालयमा गई कानूनबमोजिम रजिस्ट्रेसन पारित गर्नुपर्ने प्रावधान रहेकोमा सोभन्दा अगावै खडा भएको लिखतको हकमा सो प्रावधान लागू हुने अवस्था नहुँदा निवेदक नरेन्द्रराज श्रेष्ठ र विपक्षी भीष्मभूषण श्रेष्ठसमेतका ७ अंशियारहरूले आ-आफ्नो नाममा जग्गा राखी घरसारमा खडा गरिएको बन्डापत्रको लिखतलाई अन्यथा भन्नसक्ने अवस्था नहुँदा निजहरू एक आपसमा छुट्टिभिन्न भएको पुष्टि हुने।

मिति २०३३।१०।५ को बन्डापत्रबमोजिम छुट्टिभिन्न भैसकेपश्चात निवेदक नरेन्द्रराज श्रेष्ठका नाममा प्राप्त भएका जग्गाहरू अन्यथा प्रमाणित नभएसम्म निज निवेदककै एकलौटी हकभोगको

मान्नुपर्ने हुन्छ । अर्कोतर्फ कानूनबमोजिम बन्डा भैनसकेको अवस्थामा पनि हालैको बकसपत्रको माध्यमद्वारा प्राप्त भएका जग्गाहरू अंशबन्डाको १८ नं. को जिकिर लिएको अवस्थामा सोको कानूनबमोजिम सन्तोषजनक समाधान नभै विपक्षी भीष्मभूषण श्रेष्ठबाट असुलउपर गर्ने गरी बिगोबापत रोक्का राख्न मनासिब हुने नदेखिने ।

सम्पत्तिसम्बन्धी अधिकार प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार भएको र यस्तो अधिकारलाई संविधान एवम् कानूनले संरक्षण गरेको पाइन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले समेत सम्पत्तिको हकलाई मौलिक हकको रूपमा ग्रहण गरी प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक प्रदान गरेको छ । यस्तो विशिष्ठ मौलिक हकको रूपमा स्थापित भएको सम्पत्तिसम्बन्धी अधिकारमा सम्बन्धित व्यक्तिको सहमतिबिना रोक्का राख्नु संविधान एवम् कानूनत: मिल्ने अवस्था नदेखिने ।

विवादित जग्गाहरूलाई काठमाडौं जिल्ला अदालतबाट राखिएको रोक्का आदेशमा एकाघर सगोलको अंशियार भनी उल्लेख भएको देखिँदा अर्को आदेश नभएसम्मका लागि भन्दै रोक्का राख्ने गरेको र पुनरावेदन अदालत, पाटनबाट समेत सो आदेशलाई सदर कायम राखेको देखिन्छ । तर जसको हकमा रोक्का राखिएको हो उसको विवादित सम्पत्तिमा हक लाग्नसक्ने स्पष्ट र कानूनसङ्गत् आधार नखुलाई एकाको बापतमा अर्काको नामको सम्पत्ति रोक्का राख्न मिल्न सक्ने अवस्था नरहने ।

विवेचित आधारसमेतबाट निवेदकले माग गरेको निजका नाममा रहेका उल्लिखित सम्पत्तिमा विपक्षीको अंश वा अन्य कारणले हक रहे भएको स्पष्ट आधारबेगर रोक्का राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।६।३ एवम् मिति २०६६।५।११ मा भएका आदेश एवम् सोलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१।१० को आदेशसमेत मिलेको नदेखिएकाले सो आदेशहरू उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । साथै अदालतको आदेशबाट रोक्का भएका जग्गाहरू फुकुवा गरिदिनु भनी परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल कात्तिक १० गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०१४३, सवारी ज्यान, *नेपाल सरकार वि. डुकछिरिङ शेर्मा*

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ ले "कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै सवारी चलाउन हुँदैन" भन्ने व्यवस्था गरेको पाइन्छ । उक्त ऐनको दफा १४७ ले "कुनै चालकले सवारी चलाउँदा लापरवाहीसाथ सवारी चलाउन हुँदैन" भन्ने व्यवस्थासमेत गरेको देखिन्छ । यसबाट उक्त ऐनले कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी र सवारी लापरवाहीपूर्ण तरिकाले चलाउन नहुने विषयलाई पूर्णरूपले निषेध गरेको देखिन्छ । त्यसैगरी ऐनको दफा १६१(२) ले यस सन्दर्भमा गरेको व्यवस्था यहाँ उल्लेखनीय हुन्छ । सो दफामा "कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागी वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारीबाहिर जुनसुकै ठाउँमा

रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलमा उल्लिखित म्यादभित्र मरेमा त्यस्तो ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्नसक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुनगएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्राअनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद हुनेछ।"

दफा १६१(२) मा भएको यस व्यवस्थाले कस्तो कस्तो अवस्थामा सवारी चलाएमा लापरवाहीपूर्वक सवारी चलाएको मानिन्छ भनी अवस्थाको वर्गीकरण वा निर्धारण गरेको देखिँदैन। उक्त ऐनको दफा १६१(४) ले चालक अनुमतिपत्र नभएका व्यक्तिले उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफाबमोजिम हुने सजायमा थप दुई हजार रूपैयाँसमेत जरिवाना हुने भनी व्यवस्था गरेबाट चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनु र लापरवाहीपूर्वक सवारी चलाउनु दुई अलगअलग विषय हुन् कि भन्ने अर्थ लाग्न सक्दछ तर ऐ. ऐनको दफा १६१(५) ले चालक अनुमतिपत्र प्राप्त नगरेका व्यक्तिलाई सवारी धनीले वा आफ्नो जिम्मामा सवारी रहेको व्यक्तिले सवारी चलाउन दिएमा त्यस्तो सवारी दिने व्यक्तिलाई समेत दुई वर्षसम्म कैदको व्यवस्था गरेको परिप्रेक्ष्यमा चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाएको कसुरको गाम्भीर्यलाई कम आँकलन गर्न मिल्ने नदेखिने।

सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनु नै ऐनले वर्जित गरेको कार्य हो। यसबाट दुर्घटना भएको खण्डमा कसुरको गम्भीरतालाई अझ बढाउँदछ। वस्तुतः यस्तो अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनु नै प्रथम दृष्टिमा नै लापरवाहीपूर्ण कार्य हुने हुन्छ किनकि सवारी चलाउन सक्ने ज्ञान, सीप, योग्यता र क्षमता सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्तिलाई मात्र हुन्छ भन्ने कानूनन् अनुमान गरिन्छ। सवारी चलाउने कुशलताको अभावमा गरिने यस्ता कार्यलाई प्रश्रय दिनु ऐनको मनसाय नहुने भएकाले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनु लापरवाहीपूर्ण कार्य मान्नुपर्ने।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुर हुनका लागि लापरवाहीपूर्वक वा मानिस मर्न सक्दछ भन्ने सम्भावनालाई नजरअन्दाज गरी सवारी चलाएको हुनुपर्ने विषय भनी दुई अवस्थालाई इङ्गित गरेको हुँदा सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउँदा कुशलताको अभावको कारण दुर्घटना हुन गई मानिस मर्न सक्दछ भन्ने कुराको पूर्वानुमान गर्न सकिने अवस्था विद्यमान हुन्छ। यस अर्थमा पनि सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउने कार्य उक्त ऐनको दफा १६१(२) को कसुरकै परिधिभित्र मान्नु युक्तिसङ्गत् हुने।

यस सम्बन्धमा यस अदालतबाट नेपाल सरकारसमेत विरूद्ध विष्णुहरि महर्जनसमेत भएको सवारी ज्यान मुद्दा (स.अ.बु.२०६६, भाद्र १–१५, पूर्णाङ्क ४११, पृ. ३९) मा "सवारी चालक अनुमतिपत्र प्राप्त गर्न नसकेको अवस्थामा सवारी चलाउन आवश्यक र पर्याप्त कुशलता, दक्षता र योग्यताको अभाव रहेको देखिने र यस्तो दक्षता र कुशलता नभए पनि सवारी चलाउँदा ठक्कर लागी वा किची मानिस मर्न सक्दछ भन्ने जान्नुपर्ने अवस्थामा लापरवाहीपूर्वक सवारी चलाएको र

त्यसबाट बाटोमा रहेको मानिसलाई ठक्कर लागी मृत्यु भएकाले निजले लापरवाहीपूर्वक सवारी चलाएको र दफा १६१(२) बमोजिम कसुर भएको देखिने" भनी निर्णय भइसकेको छ।

यसैगरी यसै अदालतको पूर्ण इजलासबाट नेपाल सरकार विरूद्ध राजकुमार तामाङसमेत भएको सवारी ज्यान मुद्दा (*नेकाप* २०७०, फागुन, नि.नं. ९०७३, पृ.१३२७) मा "सवारी साधन चलाउने अनुमतिपत्र लिनुपर्ने व्यवस्था ऐच्छिक नभई ऐनले गरेको अनिवार्य व्यवस्था भएकाले सम्बन्धित सवारी साधन चलाउने अनुमतिपत्र नलिएको व्यक्तिले त्यस्तो सवारी साधन चलाउन हुँदैन भन्ने कुरालाई अन्यथा मान्न नसकिने ... सवारी साधन चलाउने अनुमतिपत्र नलिएको वा एउटा वर्गको हलुका सवारी साधन चलाउने अनुमतिपत्र लिई अर्को वर्गको भारी सवारी साधन चलाउने कार्यलाई लापरवाहीयुक्त मान्नुपर्ने" भनी निर्णय भएको छ। यसरी सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाएको अवस्थामा सवारी चलाउने कार्य लापरवाहीयुक्त मानिने भनी व्याख्यासमेत भइसकेको अवस्थामा प्रस्तुत मुद्दामा प्रतिवादीले अनुमतिपत्रबिना सवारी चलाउने कार्य गरेकोलाई पनि सोहीरूपमा लिनुपर्ने देखिने।

प्रतिवादीले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाएको हुँदा प्रथम दृष्टिमा नै लापरवाहीपूर्ण कार्य गरेको देखियो । यसबाहेक निजले अनुसन्धानको क्रममा बयान गर्दा मैले हल्का बियर खाएर मोटरसाइकल चलाएको थिएँ भनी व्यहोरा उल्लेख गरिदिएको पाइन्छ । बुझिएका जीवन राईले कागज गर्दा र अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीले मोटरसाइकल बढी गतिमा चलाएको भनी उल्लेख गरेको देखिन्छ । घटनाको अर्को प्रत्यक्षदर्शी लालबहादुर राईले पनि प्रतिवादीले निकै गतिमा मोटरसाइकल चलाएको भनी बकपत्र गरेको पाइयो। प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार गरी मृतकले नै मादक पदार्थ सेवन गरी आफैँ मोटरसाइकलमा ठोक्किन आइपुगेको उल्लेख गरेको पाइन्छ । मृतकले मादक पदार्थ सेवन गरेकै भए तापनि चालक प्रतिवादीले कम गतिमा मोटरसाइकल चलाएको भए ठीक समयमा मोटरसाइकल नियन्त्रणमा राखी दुर्घटनाबाट बच्न सकिने कुरालाई नकार्न सकिँदैन । प्रत्यक्षदर्शीहरूको बकपत्रबाट मृतक सडकको छेउतर्फ हिँडिरहेको अवस्था देखिन्छ । प्रतिवादीले चलाएको मोटरसाइकलसमेत ३ वटा मोटरसाइकलमात्र उक्त बाटोमा हिँडिरहेको र अन्य सवारी साधन अगाडि पछाडि नभएको अवस्थामा आफ्नै दिशातर्फ हिँडिरहेको मृतकलाई ठक्कर दिन पुग्नुले चालकको लापरवाहीतर्फ इङ्गित गरेको मान्नुपर्ने।

पुनरावेदन अदालतले प्रतिवादीले अदालतमा भनेको बयान व्यहोरा र वस्तुस्थिति मुचुल्काका व्यक्तिले उल्लेख गरेको व्यहोरालाई आधार मानी मृतकले मादक पदार्थ सेवन गरी हल्लिदै आफैँ प्रतिवादीले चलाएको मोटरसाइकलमा ठोक्किन पुगेको निष्कर्ष निकालेको देखिन्छ जबकि प्रस्तुत मुद्दामा वस्तुस्थिति मुचुल्काका कुनै पनि व्यक्ति अदालतमा आई बकपत्र गरेको पाइँदैन । प्रमाण ऐन, २०३१ को दफा १८ ले वस्तुस्थिति मुचुल्कामा उल्लेख भएको त्यस्तो व्यहोरालाई प्रमाणमा लिन मिल्ने हुँदैन। यसबाहेक प्रतिवादीले अदालतमा गरेको बयानलाई आधार मान्दा अन्य प्रमाणबाट उक्त भनाइ समर्थित भएको छ, छैन भन्ने कुरा पनि हेर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा घटनाको

प्रत्यक्षदर्शीको भनाइ तथा बकपत्र व्यहोरा नै यथार्थमा उत्कृष्ट प्रमाण रहे भएकोमा फैसलामा त्यसको यथार्थपरक विश्लेषण र मूल्याङ्कन गरिएको छैन भने जाहेरवाली घटनाको प्रत्यक्षदर्शी नभएको भन्नेसमेत आधार लिई प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को कसुर गरेको ठहर गरिएको पुनरावेदन अदालत, पाटनको फैसला त्रूटिपूर्ण रहेको देखिने।

प्रतिवादीले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी लापरवाहीपूर्वक सवारी चलाएको कारण दुर्घटना हुन गई मृतकको मृत्यु भएको पुष्टि हुन आएकाले पुनरावेदन अदालत, पाटनको मिति २०६७।२।२० को फैसला केही उल्टी भई निजलाई अभियोग दावीबमोजिम सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ (दुई) वर्ष कैद र ऐ. ऐनको दफा १६१(४) बमोजिम रू.२,०००।– (दुई हजार) जरिवानासमेत हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम्।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-००१२, सवारी ज्यान, *नेपाल सरकार वि. कृष्णबहादुर तामाङसमेत*

सवारी धनी प्रतिवादी दीपक हमालले अदालतमा बयान गर्दा कृष्णबहादुर तामाङले मिनी ट्रक चलाउने अनुमतिपत्र पाएको भनी अनुमतिपत्रको फोटोकपि देखाएको थियो, निजले ट्रक चलाउन जान्दछ, जान्दैन भनी चलाउन भनेको र ट्रक चलाएको हेरेपछिमात्र ट्रक चलाउन दिएको हो भन्ने उल्लेख गरेको पाइन्छ। निज दीपक हमालको साक्षी गणेश हमालले बकपत्र गर्दा पनि कृष्णबहादुर तामाङसँग मिनी ट्रक चलाउने अनुमतिपत्र रहेको देखी ट्रक चलाउन दिएको भनी उल्लेख गरेको देखिन्छ। यसरी ट्रक चलाउन जाने नजानेको विचार गरी हेरी अनुमतिपत्रसमेत आफैँले हेरी ट्रक चलाउन दिएको अवस्थामा निजले अभियोग दावीबमोजिम जानी बुझीकन सो कसुर गरेको भन्ने देखिन आएन। अनुमतिपत्रको छाँयाप्रति गलत तरिकाले निकाली सवारी धनीलाई भ्रममा पारी कृष्णबहादुर तामाङले ट्रक चलाएको देखिन आएको अवस्थामा प्रतिवादी दीपक हमाललाई सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

यस अदालतको पूर्ण इजलासबाट जयनारायण राउत थारू र शिवराज पाठकको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी गीताबहादुर थापा भएको सवारी ज्यान मुद्दा (*नेकाप* २०६४ मङ्सिर, नि.नं.७८६८, पृ.९७५) मा "..सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूचीमा समावेश नभएको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ अन्तर्गत घा–खर्च, किरिया खर्च र क्षतिपूर्ति भराइदिनेसम्बन्धी मुद्दा स्पष्ट हकदैयाको अभावमा सरकारी वकिलले सरकारवादी मुद्दाको रूपमा दायर गरेको अभियोगपत्रबाट हेर्न मिल्ने अवस्था रहे भएको नदेखिने" भनी निर्णय भएको समेत छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ लाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा हाल समावेश भएको देखिए तापनि वारदात हुँदाका बखत उक्त अनुसूचीमा समावेश नभएको र वैकल्पिक कानूनी उपचारको व्यवस्था रहिआएकै परिप्रेक्ष्यमा प्रस्तुत मुद्दाको रोहबाट यस विषयलाई हेर्न मिल्ने देखिन नआउँदा पुनरावेदन अदालत, पाटनको फैसलामा

कुनै परिवर्तन गर्न आवश्यक नदेखिएकाले उक्त अदालतको मिति २०६६।४।३२ को फैसला सदर हुन्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः अनिल कुमार शर्मा

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०९१०, सवारी ज्यान, *नेपाल सरकार वि. महेश खड्का*

चालकले आफ्नो गाडीको ढोका बन्द भएपछि मात्र सवारी चलाउनुपर्ने प्रथम दायित्व हुने कुरालाई इन्कार गर्न सकिँदैन । तर गाडी अगाडि बढिसकेपछि चालकले गाडीभित्रको परिवेशभन्दा पनि गाडीबाहिर दायाँ बायाँ र अगाडि पछाडि सबै दिशामा भएका मानिस, सवारी साधन र बाटोको अवस्थासमेतलाई दृष्टिगत गरेर गाडी चलाउनुपर्ने हुन्छ । गाडिभित्र रहेको मानिसहरूको गाडिभित्र बाहिर आवतजावत गर्ने प्रक्रियालाई व्यवस्थित गर्न सबै अवस्थामा गाडी चलाउने व्यक्तिबाट सम्भव हुँदैन । अर्कोतर्फ गाडी चलिरहेको अवस्थामा ढोकाबाट बाहिर खस्नबाट जोगिनका लागि पूर्वसावधानी अपनाउनुपर्ने जिम्मेवारी स्वयम् यात्रुको पनि हुने ।

प्रतिवादीले सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको कारणले मात्र निजले गाडी चलाउनु नै लापरवाहीयुक्त कार्य हुन्छ वा हुँदैन भन्ने प्रश्नतर्फ हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादीले गाडी चलाएको कारण गाडिबाहिर रहेको मानिसको मृत्यु भएको अवस्था छैन । सवारी चलाउँदा ठक्कर लागी वा किची मानिस मरेको अवस्था नभएकाले पुनरावेदन जिकिरमा उल्लेख भएजस्तो यस अदालतबाट भएको निर्णयविपरीत हुने गरी पुनरावेदन अदालतबाट फैसला भएको नपाइने ।

माथि विवेचित आधार एवम् प्रमाणहरूबाट मृतक आफू सवारी साधनको ढोकामा बसेको अवस्थामा खसी मृत्यु हुन गएकाले सवारी दुर्घटनामा परेको भन्न नमिल्ने तथा प्रतिवादीले लापरवाहीपूर्वक सवारी चलाएको कारण मृतक गाडीबाट खस्न गई मृत्यु भएको भन्ने शङ्कारहित तवरले पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादी महेश खड्कालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) र दफा १६१(४) बमोजिम कसुर कायम भई भएको सजायलाई परिवर्तन गरिरहनु परेन । पुनरावेदन अदालत, पाटनको मिति २०६७।२।१० को फैसला मुनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०४७५, उत्प्रेषण/परमादेश, *राजेश धिताल वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं*

व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने गरी कैद सजाय गर्नुपर्दाको अवस्थामा न्यायकर्ताको साथसाथै अनुसन्धानमा संलग्न

अधिकारीहरूसमेत यस विषयमा थप संवेदनशील हुनुपर्ने हुन्छ। रिट निवेदकउपर चलेको हातहतियार खरखजाना मुद्दामा निवेदकलाई ५ वर्ष कैदसमेतको सजाय हुने गरी फैसला भएको देखिन्छ । यति ठूलो सजाय हुँदा कसुरको गाम्भीर्यताअनुसार निवेदकले सुनुवाइको समुचित मौका नपाएको अवस्थामा सो फैसला कायम रहिरहन न्यायोचित देखिँदैन । कैदको सजाय हुनुपर्ने सरकारवादी फौजदारी अभियोग भएको हातहतियार खरखजाना जस्तो मुद्दामा निवेदकले सुनुवाइको मौका समुचितरूपले नपाएको देखिनाले निजलाई ५ वर्ष कैद र रू. १,००,०००।– (एक लाख) जरिवाना हुने ठहर्‍याई गडाउ गर्ने गरी भएको उक्त मुद्दाको फैसलामा प्राकृतिक न्यायको सिद्धान्तको पालना नभएको कुरामा दुईमत हुन नसक्ने।

रिट निवेदकलाई गडाउ हुने गरी तामेल भएको मितिसमेत उल्लेख नगरी तामेल भएको म्याद र जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०६९।१०।२८ को फैसला प्राकृतिक न्यायको सिद्धान्तअनुसार कायम रहन नसक्ने हुनाले रिट निवेदकको हकमा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निज निवेदक वर्तमान अवस्थामा समेत थुनामा रहेको देखिनाले निजलाई कारागारबाट नै सम्बन्धित हातहतियार खरखजाना मुद्दामा बयानको लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमक्ष उपस्थित गराई सो मुद्दामा बयान गरिसकेपछि थुनछेकको प्रयोजनको निमित्त मुलुकी ऐन, अ.बं.११८ नं. अनुसारको आदेशसमेत गरी निजको हकमा कानूनबमोजिम उक्त मुद्दामा पुन: कारवाही गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल चैत ३ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७१-WH-००४४, बन्दीप्रत्यक्षीकरण, *राजेश धिताल वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-RC-००७१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भुपाल लिम्बू*

मृतकलाई मार्न प्रतिवादीले पूर्व योजना बनाई तयारी गरी वारदात घटाएको भन्ने अवस्था पनि देखिँदैन। प्रतिवादीले आफू सन्काहा स्वभाव भएको बिमारी मान्छे हुँ भनी अदालतसमक्ष बयान गरेको देखिन्छ भने निजकी आमा मैतरानी लिम्बूले समेत प्रतिवादी सानो उमेरमै इन्डियातर्फ गै ११ वर्षपछि छारेरोग लिई घर आएकाले अस्पतालमा जचाउँदा जाँड रक्सी नखानु, मुख बार्नु भनेको थियो, बिमारले छोपेको बेला नै मृतकलाई मारेको हुनुपर्छ भनी अदालतसमक्ष उपस्थित भै बकपत्र गरिदिएको समेत देखिन्छ । यसरी सन्काहा स्वभाव भएका प्रतिवादीलाई मृतकले बेवास्ता गरेको कारण प्रतिवादी अचानक आवेशमा आई मृतकउपर खुकुरी प्रहार गरेको र सोही चोट पीडाको कारण मृतकको मृत्यु भएको भन्ने मिसिलबाट देखिन्छ । पक्राउ परिसकेपछि प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमेतमा घटनाको सत्य तथ्यबारे सविस्तार वर्णन गरी घटनाको

अनुसन्धान र न्याय निरूपण गर्ने कार्यमा सहयोग पुर्‍याएको देखिँदा मृतकले प्रतिवादीलाई बेवास्ता गरेको कारण प्रतिवादी अचानक आवेशमा आई मृतकउपर खुकुरी प्रहार गरेको र सोही चोट पीडाको कारण मृतकको मृत्यु भएको देखिएको, प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको रिसइबि पहिलेदेखि रहेको नदेखिएको, वारदात घटाउने प्रतिवादीको मनसाय र योजना रहेको पनि नदेखिएको र पक्राउ परिसकेपछि प्रतिवादीले घटनाका सम्बन्धमा सविस्तार वर्णन गरी अनुसन्धान एवम् न्याय निरूपण गर्ने कार्यमा अभियोजन पक्ष र अदालतलाई समेत सहयोग पुर्‍याएको देखिनुका साथै प्रतिवादीले आफू मानसिकरूपले पूर्ण स्वस्थ नरहेको समेत भनेको देखिन्छ । यस्तो अवस्थामा प्रतिवादी भुपाल लिम्बूलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने नै देखिएको र अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद गर्दा पनि ऐनको मक्सद पूरा हुने देखिएकाले प्रतिवादीलाई ५ वर्ष मात्र कैद सजाय गर्नु उपयुक्त हुने भनी पुनरावेदन अदालतले व्यक्त गरेको रायसमेत मनासिब देखिने ।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RC००९२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खेसकुमारी गुरूङ*

प्रतिवादीले मेरी आमालाई ढुङ्गा र दाउराले हानी मारिसकेको रहेछ, म पुग्दा मृतकलाई प्रतिवादीले कुटपीट गरिरहेकी र मलाईसमेत कुटपीट गर्न खोजेकाले भागेँ भनी घटनाको प्रत्यक्षदर्शी मृतकको छोरी कमला गुरूङले मौकामा गरिदिएको कागजको पुष्टि हुने गरी अदालतसमक्ष बकपत्र गरिदिएको समेत देखिन्छ । घटना विवरण कागज गर्ने लक्ष्मी गुरूङ, वस्तुस्थिति मुचुल्काका केरसिंह गुरूङ, पालसिंह गुरूङ, मानबहादुर गुरूङ, रेशमलाल गुरूङ, जाहेरवाला प्रेमकुमार गुरूङसमेतले प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको हो भनी बकपत्रसमेत गरी दिएको देखिएकाले मृतक विष्णुकुमारी गुरूङको मृत्यु यिनै प्रतिवादी खेसकुमारी गुरूङको कर्तव्यबाट भएको देखिन आउने ।

प्रतिवादी खेसकुमारी गुरूङले मृतकको टाउकोलगायत शरीरको जत्रतत्र भागमा ढुङ्गा लाठीले प्रहार गरेको देखिएको र प्रतिवादीले प्रहार गरेको सोही चोट पीडाको कारणबाटै मृतक विष्णुकुमारीको मृत्यु भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कानूनी व्यवस्थाबमोजिम प्रतिवादी खेसकुमारी गुरूङलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने नै देखिने ।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RC००८७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पुतली गोले*

प्रतिवादी पुतली गोलेले बच्चा जन्माउँदाको अवस्थामा देख्ने सुन्ने कोही पनि प्रत्यक्षदर्शी रहेको अवस्था मिसिलबाट देखिँदैन । बुझिएका मानिसहरूले प्रतिवादीकै भनाइलाई आधार मानी आफ्नो व्यहोरा लेखाएको पाइन्छ । आफूले शिशु जन्माई फालेको कुरा प्रकाश नगरी घरमा बसेको र महिनादिनपछि मिति २०६८।११।१०

मा शिशुको शव फेला परी प्रहरीद्वारा अनुसन्धान हुँदाको अवस्थामा मात्र यी प्रतिवादीले आफ्नो गर्भबाट मृत शिशुको जन्म भएको हो भनी बयान गरेको पाइन्छ । निज प्रतिवादीको बयान व्यहोरा हेर्दा यी प्रतिवादीलाई अर्का प्रतिवादी सागर भन्ने भीमबहादुर तामाङले डर त्रासमा पारी पटकपटक करणी गरेको र सोही कारण गर्भ रहेको कुरा निजलाई बताउँदा गर्भ नफाल्नु, विहे गर्छु भनी आश्वासन दिएकाले गर्भपतन नगराएको भनी बयान गरेको देखिन्छ । यसबाट निज प्रतिवादीले बोकेको गर्भ निजको स्वेच्छाको गर्भ रहेछ भन्न मिल्ने नदेखिने ।

प्रसूती व्यथा लागेकी प्रतिवादीले सुरक्षित रूपमा शिशु जन्माई हुर्काउने बढाउने मनसाय राखेको भए अन्य व्यक्तिहरूको समेत सहयोग लिई सुरक्षित स्थल वा अस्पताल जानुपर्नेमा सोबमोजिम नगरी व्यथा लागेको कुरा कसैलाई नभनी बच्चा जन्माउनका लागि एकान्त ठाउँको खोजीमा झाडी जङ्गलतर्फ गएबाट निज प्रतिवादीले शिशु जन्माई हुर्काउने बढाउने मनसाय राखेको रहेछ भन्ने देखिन आएन । यसबाट यी प्रतिवादीले नवजात शिशुलाई मार्नेसम्मको मनसाय राखी वा नवजात शिशु मरोस् भन्नेसम्मको मनसाय राखी एकान्त स्थल झाडी जङ्गलतर्फ गएको भन्ने देखिन आयो । मृतक शिशुको शव परीक्षण प्रतिवेदनमा Asphyxia को कारण मृत्यु भएको भन्ने उल्लेख भएको देखिएसमेतबाट शिशु जन्मँदाको अवस्थामा जीवितै रहेको भन्ने देखिन आएकाले मृत बच्चा जन्मिएको भन्ने प्रतिवादीको बयान विश्वसनीय देखिएन । तसर्थ वारदातको प्रकृति र परिस्थिति हेर्दा प्रतिवादीको कर्तव्यबाटै निजले जन्माएको नवजात शिशुको मृत्यु भएको देखिन आएकाले निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला अन्यथा हुनसक्ने नदेखिने ।

प्रतिवादी पुतली गोले कक्षा ६ सम्ममात्र अध्ययन गरी शिक्षा र चेतनाको अवसरबाट वञ्चित भएकी, आर्थिक अवस्था कमजोर रहेका कारण काठमाडौं आई अन्य व्यक्तिको घरमा सहयोगीको काम गरी बसेको अवस्थामा प्रतिवादी सागर भन्ने भीमबहादुर तामाङ्गको प्रेममा परी निजले विवाह गर्छु भनी दिएको आश्वासनको कारण करणी लिनु दिनु गरेको कारण निजको गर्भ रहन गएको देखिएको, अकस्मात हजुरआमाको मृत्यु भएकाले काठमाडौंबाट आफ्नो घर फर्किनु परेको कारण प्रतिवादी सागर भन्ने भीमबहादुर तामाङ्गसँग विवाह हुन नसकेको, घरमा पनि हजुरआमाको मृत्यु भै शोक परिरहेको हुँदा थप पीडा पर्ने ठानी बच्चा जन्माउन एकान्तस्थलतिर हिँड्दै जानु, घटना घट्ताको अवस्थामा प्रतिवादीको उमेर केवल १९ वर्षको मात्र रही असुरक्षित तवरले बच्चा जन्माएको कारण नवजात शिशुको मृत्यु हुन सक्ने सम्भावना रहनु, मृतक शिशुको शव परीक्षण प्रतिवेदनमा बाह्य घाउ खत चोटपटक नदेखिनु, तथा मिसिल संलग्न कागज प्रमाणहरूको समग्र अध्ययनबाट यी प्रतिवादीको विवाह हुनुभन्दा अघि नै निजको गर्भ रही बच्चा जन्मिएको कारण समाजमा आफ्नो बेइज्जत हुने आशङ्का रहेको बाहेक प्रतिवादीले आफ्नो बच्चालाई कर्तव्य गरी मार्नुपर्नेसम्मको कुनै कारण रहे भएको मिसिलबाट देखिन नआएको अवस्थामा निज प्रतिवादी पुतली गोलेले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं बमोजिमको कसुर गरेको ठहरे तापनि

घटना घट्ताको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा निजलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकाले अ. बं. १८८ नं. बमोजिम ३ (तीन) बर्ष कैद सजाय गर्दा पनि ऐनको मक्सद पूरा हुने देखिएको भनी पुनरावेदन अदालत, हेटौंडाले व्यक्त गरेको रायसमेत मनासिब देखिने।

इजलास अधिकृत: फणिन्द्र पराजुली
कम्प्युटर: सन्तोष अवाल
इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CI-०४५१, अंश दपोट, *बासु नारायण प्रधान वि. शम्भुनारायण प्रधान*

मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. अनुसार मानो नछुट्टिई सँग बसेका अंशियारहरूमध्ये जुनसुकै अंशियारको परिवारको नाममा रहेको सम्पत्ति सगोलको नै मान्नुपर्ने हुँदा यी पुनरावेदक प्रतिवादीको नाममा रहेको कि.नं. ४१९ को जग्गा सगोलको सम्पत्ति नै देखिन आएको र निज पुनरावेदकले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको भन्ने कुरा पुष्टि हुने कुनै ठोस प्रमाणसमेत पेस नगरी मेरो निजी आर्जन हो भनी भनेको आधारमा मात्र निजी आर्जन ठहर्न नसक्ने।

पुनरावेदकका पिता कृष्णनारायण प्रधान र विपक्षी वादी समांशी अंशियार भएको र यिनैबीच चलेको अंश मुद्दामा यी वादीले ४ भागमध्ये १ भाग अंश पाउने ठहरी फैसला भइरहेको अवस्थामा उक्त मुद्दाका प्रतिवादी कृष्णनारायणले पेस गरेको तायदातीमा छुट हुन गएको उल्लिखित कित्ताबाट प्रस्तुत मुद्दाका प्रत्यर्थी वादीले ४ भागको १ भाग अंश हक पाउने नै देखिन आयो। यी पुनरावेदक प्रतिवादीले प्रत्यर्थी वादी समांशी नभएको एवम् मेरो निजी आर्जनको सम्पत्ति हो भन्ने पुनरावेदकको जिकिर कानूनसङ्गत् देखिन नआउने।

माथि विवेचित आधार कारणहरूसमेतबाट सुरू दोलखा जिल्ला अदालतको फैसला केही उल्टी भई कि.नं. ४१९ को जग्गाबाट ४ भागको १ भाग पुनरावेदक वादीले पाउने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।३।२० गते भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त
कम्प्युटर: गङ्गा के.सी.
इति संवत् २०७१ साल कात्तिक २८ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CI-१४७०, अंश दर्ता, *ललिताकुमारी वि. कुशेश्वर मघरैतसमेत*

अंशियारहरूबीच घरसारमा नै मिति २०४९।१।१५ मा नै अंशबन्डा कागज गरिसकेको भने तापनि अंशबन्डा भएको भनिएको मिति २०४९।१।१५ को अंशवन्डाको लिखत रजिस्ट्रेसनको महलको १ नं. अनुसार अनिवार्यरूपमा रजिस्ट्रेसन गराउनुपर्ने लिखतअन्तर्गत पर्ने भएको हुँदा उल्लिखित मितिमा भएको भनिएको सम्पत्ति बन्डाको कागज घरसारमा नै बसी सहिछाप गरिदिएको तर रजिस्ट्रेसन नभएको हुँदा सो अंशबन्डाको लिखतले कानूनी मान्यता पाउने नदेखिने।

प्रतिवादी पुनरावेदकले सप्तरी, पोतहाँ

गा.वि.स.वडा नं.२ को कि.नं.२७, ऐ.ऐ.को वडा नं. १ को कि.नं. २२९, २७१ र २७४ को जग्गाहरू निजी आर्जनको हुँदा बन्डा लाग्ने सम्पत्ति होइन भनी दावी लिएको सम्बन्धमा कि.नं.२७ को जग्गा र.नं.७६६८ बाट मिति २०५०।२।१२ मा रू.२८,०००।- मा राजीनामाबाट खरिद गरेको र कि.नं.२२९ को जग्गा र.नं. ३१६१ मिति २०५२।९।२८ मा रू. ५०००।- मा एवम् कि.नं. २७१ तथा २७४ को जग्गा र.नं. १९२८ बाट मिति ०५३।८।७ मा रू. ५०००।– मा राजीनामा गरि लिएको देखिन्छ भने कैफियत महलमा दाइजो वा पेवा लेखेकोमा पुनरावेदक प्रतिवादीले के कुन रूपमा दाइजो वा पेवाबाट बढाएको हो भन्ने कुरा कुनै वस्तुनिष्ट प्रमाणबाट देखिन नआउने।

दाइजो वा पेवाबाट बढाएको हो भन्ने लेख्दैमा दाइजो पेवाको सम्पत्तिबाट खरिद गरेको हो भन्ने अवस्था देखिन आएन । प्रतिवादीले उल्लिखित जग्गा राजीनामाबाट खरिद गरिलिएको देखिएको अवस्थामा आफ्नो निजी आर्जनको हो भनी दावी लिएकै आधारमा मात्र निजी नठहरिने हुँदा सोको पुष्टि  हुने तथ्ययुक्त प्रमाण पेस गर्न सकेको समेत मिसिल सम्लग्न प्रमाणबाट पुष्टि हुन आएको अवस्था नहुँदा निजी आर्जनको सम्पत्ति भनी मान्न मिल्ने नदेखिने।

मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. अनुसार मानो नछुट्टिई सँग बसेका अंशियारहरूमध्ये जुनसुकै अंशियारको परिवारको नाममा रहेको सम्पत्ति सगोलको नै मान्नुपर्ने हुँदा यी पुनरावेदक प्रतिवादीको नाममा रहेको उल्लिखित जग्गाहरू सगोलको सम्पत्ति नै देखिन आएको र निज पुनरावेदकले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको भन्ने कुरा पुष्टि हुने कुनै ठोस प्रमाणसमेत पेस नगरी मेरो निजी आर्जन हो भनी भनेको आधारमा मात्र निजी आर्जन ठहर्न नसक्ने।

स्व. नेवीको ५ भाइ छोरा भएकोमा प्रतिवादी भेदानन्द गोपी मघरैतको मिति २०४३।१०।२७ मा आमा जहरीदेवीको मन्जुरीबाट र.नं.२५५९ को पारित धर्मपुत्रको लिखतबाट धर्मपुत्र भई गएबाट निजबाहेक अन्य चारजना अंशियारहरू रहेको देखिएकाले निज ललिताकुमारीको नाँउमा दर्ता रहेका उल्लिखित कि. न. २७, २२९, २७१ र २७४ बाट ४ खण्डको १ खण्ड अंश भाग वादीहरूले छुट्ट्याई लिन पाउने नै देखिन आयो। अत: उल्लिखित आधार कारणहरूसमेतबाट निज ललिताकुमारी यादवको नाममा रहेको जग्गा बाहेक गरी र धर्मपुत्र भई गएका भेदानन्द मघरैत यादवसमेतलाई अंशीयार मानी ५ खण्डको १ खण्ड अंश वादीले पाउने गरी सप्तरी जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई ललिताकुमारी यादवले तायदातीमा उल्लेख गरेका जग्गाहरूसमेतबाट वादीले ४ खण्डको १ खण्ड अंश छुट्याई लिन पाउने गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।७।३० गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल कात्तिक २८ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-RC-००३०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सेना लामा शेर्पासमेत*

प्रतिवादी सेना लामा (शेर्पा) ले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. ले निषेधित गरेको अपराध एवम् ऐजन महलको १३(३) नं. ले परिभाषित अपराध गरेको देखिँदा प्रतिवादी सेना लामा (शेर्पा) लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई भएको सुरू सोलुखुम्बु जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।२।४ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीले मृतकलाई मार्नेसम्मको मनसाय राखी इबि अदावत लिई पूर्व योजना बनाई मारेको देखिन आएन। प्रतिवादी सेना लामा (शेर्पा) ले दैनिक जाँड रक्सी सेवन गर्ने पतिबाट बारम्बार प्रताडित हुँदै आएकी हिंसाको सिकार भई पीडित रहेकी नाबालक पाँच सन्तानकी आमाले पतिको नकारात्मक व्यवहारबाट तत्काल उठेको रिसबाट काठको दावीलोले हिर्काउँदा पतिको मृत्यु भएको अवस्था देखिएकाले सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने हुँदा अ.बं. १८८ नं. बमोजिम प्रतिवादी सेना लामा (शेर्पा) लाई ८ वर्ष कैद गर्ने गरी दिएको राय मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल कात्तिक २८ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-१०९३, ०६८-CI-०३११, फैसला बदर, *मैनुद्दिनमियाँको मु.स. गर्ने सहिदा विवि मुस्लिम वि. अलिमुद्दिनको मु.स. गर्ने रेयाजुद्दिन मियाँ, अलिमुद्दिनको मु.स. गर्ने रेयाजुद्दिन मियाँ वि. कमरूनिसा विवीको मु.स. गर्ने मैनुद्दिन मियाँसमेत*

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २९ कि.नं. १२४, १२५ र १२६ तथा ऐ वडा नं. ३२ कि.नं. ४४८, ८३२, ७३६ र ७३५ का जग्गाहरू पञ्च कश्मिरी तकिया गुठीको नाममा दर्ता हुने देखिन्छ। यी दुबै पुनरावेदक वादी प्रतिवादी मिसिल संलग्न कुनै पनि तथ्यगत प्रमाणहरूबाट विवादित जग्गाहरूमा गुठियारको रूपमा रहने अवस्था देखिन नआउने।

मुलुकी ऐन, जग्गा आवाद गर्नेको ४ नं. मा परापूर्वकालदेखि हिँडी आएको बाटो वा वस्तु भाउ निकास्ने निकास आफ्नो जग्गामा पर्ने भए पनि त्यस्तो जग्गा र वस्तु भाउ खरकाउने चौर, पानी घाट, पोखरीको ढिक, मूल बाटो, सडक, पाटी, पौवा, चिहान र त्यस्तै अरू कुनै सार्वजनिक स्थान र नेपाल सरकारबाट कमोद नगर्नु बझ्याउनु भन्ने भएको सरकारी जग्गा कसैले बिराउन वा बिराउन लाउन हुँदैन भन्ने उल्लेखसमेत भएबाट उल्लिखित जग्गासमेत मसान प्रयोजनका लागि राखिएको देखिएकाले निजी प्रकृतिको हो भनी मान्न कानूनत: मिल्ने नदेखिने।

गुठियार भनेको गुठीको कानूनबमोजिम गुठी राख्ने वा निजका सन्तान, दरसन्तान वा दान दिई राखेको गुठी रहेछ भने पाउने हकदारलाई मान्नुपर्दछ । एकाले राखेको गुठीमा अन्य मानिस गुठियार कायम हुनलाई कानूनबमोजिम लिखतपत्र भई गुठीको हक प्राप्त गरेको हुनुपर्दछ र गुठीयार कायम हुन सक्दछ। यसमा यी पुनरावेदक वादी प्रतिवादीहरूले कानूनबमोजिम लिखतपत्र भई गुठीको हक प्राप्त गरेको लिखत प्रमाण पेस नगरी गुठियारको पुस्तावारीभित्रका हौं भनी अस्पष्ट

जिकिर लिएको देखिँदा उल्लिखित जग्गाहरूको गुठियार मान्न कानूनत: मिल्ने नदेखिने हुँदा यस अदालतबाट विभिन्न मुद्दामा गुठीको संरक्षणको सम्बन्धमा प्रतिपादित भएको सिद्धान्तहरूसमेतबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।९।२६ मा वादी दावी नपुग्ने ठहरी भएको फैसला नमिलेको हुँदा उल्टी भई वादी दावीबमोजिम सर्वोच्च अदालत, फुलबेन्चबाट मिति २०५४।१२।२४ मा फैसला हुँदा प्रतिवादीमध्येका कमरू निसा विविको हक कायम हुने भन्ने ठहर अ.बं. ८६ नं. अनुरूप बदर भई पन्च कश्मिरी तकिया गुठीको नाममा दर्ता हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।५।२८ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल माघ ४ गते रोज १ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-१०३०, २०७०-CR-०७८१, २०७०-CR-०२६४, कर्तव्य ज्यान, *सुमन पुतुवार वि. नेपाल सरकार, विक्की महर्जन (पुतुवार) वि. नेपाल सरकार, निराश थापा वि. नेपाल सरकार*

तीनतीनजनाको समूहले लडिसकेको प्रतिवादीको टाउकोमा पटकपटक लात्ती प्रहार गर्ने कार्य आफैंमा जोखिमपूर्ण कार्य हो । त्यसको परिणामस्वरूप मृतकको ज्यान जाने ठूलो सम्भावना रहने कुरा सामान्य मानिसले जान्ने बुझ्ने कुरा हो । प्रतिवादीहरूले पनि यस कुरालाई पूर्वानुमान (foresee) गर्नुपर्ने कुरा कानूनले अनुमान गर्छ । परिणामको विचार नगरी मानिसको ज्यान जाने गरी साङ्घातिक कुटपीट गर्ने कार्य recklessness भित्र पर्ने कार्य हो । Recklessness युक्त कार्य मनसायको गम्भीर तह नै मानिन्छ । यस्ता प्रतिवादीहरूलाई ५ वर्षमात्र कैद गर्दा अपराध दुरूत्साहन गर्ने र आपराधिक मानसिकता नियन्त्रण गर्ने फौजदारी न्यायको उद्देश्य पराजीत हुनपुग्छ । प्रतिवादीहरूमा मानिसको ज्यान लिए पनि ५ वर्ष कैद बिताएमा पुगिहाल्ने रहेछ भनी अपराधलाई हल्कारूपमा लिने दण्डहीनताको भावना मौलाउने हिसाबले कम सजाय गर्नु न्यायसम्मत नहुने।

कुनै परिबन्दमा परी प्रतिवादीहरूबाट वारदात भएको भए ५ वर्षको कैदमात्र पनि मनासिब मान्न सकिन्थ्यो। त्यस्तो परिबन्द परेको देखिँदैन । त्यसमाथि मृतक बेहोश भैसकेपछि मृतकलाई बचाउने प्रयास नगरी प्रतिवादीहरू भागी हिँडेको र झुट्ठा तथा नचाहिंदो बयान र पुनरावेदन जिकिरसमेत लिई अदालतलाई गुमराहमा पारेको प्रतिवादीहरूको समष्टिगत आचरणको विचार गर्दा यी प्रतिवादीहरूलाई कैद वर्ष ५ गरेको पुनरावेदन अदालतसमेतको फैसलामा व्यक्त रायसँग सहमत हुन सकिएन। यावत कुरा विचार गर्दा प्रतिवादीहरूलाई कैद वर्ष १० गर्नु उपयुक्त हुने देखिँदा यी प्रतिवादीहरूलाई अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १० हुन जाने।

प्रतिवादीहरू विक्की महर्जन, सुमन पुतुवार र निराश थापा विरूद्धको वादी नेपाल सरकारको अभियोगदावी पुग्ने ठहऱ्याई निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.

बमोजिम जन्मकैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।११।१ को फैसला मिलेकै हुँदा सदर हुने ठहर्छ । पुनरावेदन अदालतले प्रतिवादीहरू विक्की महर्जन, सुमन पुतुवार र निराश थापालाई अ.बं. १८८ नं. अनुसार जनही कैद वर्ष ५ मात्र हुने भनी व्यक्त गरेको रायसम्म नमिलेको हुँदा अ.बं. १८८ नं. बमोजिम प्रतिवादीहरू तीनैजनालाई जनही १० वर्ष मात्र कैद हुन जाने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल माघ २८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०७१८, ०८११, ०८८७, कर्तव्य ज्यान, *सुभाष राय वि. नेपाल सरकार, महेन्द्र राय वि. नेपाल सरकार, नेपाल सरकार वि. शान्ति राय राउत*

अभियोगदावी ठोस तथ्य प्रमाणमा आधारित रहेको नभै कोरा सम्भावनामा आधारित छ । प्रतिवादीहरू र मृतकबीच राम्रो सम्बन्ध नरहेको भन्ने अभियोगदावीको व्यहोराले फौजदारी कसुर स्थापित गर्ने हैसियत र क्षमता राख्दैन । वारदातस्थलमा प्रतिवादीहरू र मृतकसँगै रहेको कुरा पनि ठोस र वस्तुनिष्ठ प्रमाणद्वारा प्रमाणित हुनसकेको छैन । लासको छेउछाउको झारपात मडारिएको भन्ने अभियोगपत्रको व्यहोराको हकमा विषको छटपटीसमेतका असरका कारणले झारपात मडारिन सक्ने हुँदा त्यसले पनि निश्चयात्मक प्रमाणको स्थान लिनसक्ने नदेखिने।

कुटपीट भएको भन्ने अभियोगदावी मृतकको लास जाँच र शव परीक्षणबाट खम्बिर हुन सकेको छैन । प्रतिवादीहरूबीच लेनदेनसम्बन्धी कामकारवाही भएको भन्ने अभियोगपत्रको व्यहोराबाट झन् प्रतिवादीहरूले मृतकलाई मार्नुपर्ने कारण हुँदैन । आफूले पैसा लिनुपर्ने मृतक जीवित रहेमा प्रतिवादीको पैसा उठ्ने सम्भावनालाई प्रतिवादीले मृतकको हत्या गरेर समाप्त पार्ने कुरा तर्कसङ्गत् नदेखिने।

ठाउँठाउँमा घटनाक्रमको कडी फुस्केको वारदातको चित्रणबाट कुनै निश्चित अनुमान लगाउनसम्म पनि निक्कै कठिन र चुनौतीपूर्ण देखिन्छ । अनुमान निकाल्न नै अप्ठेरो परेको अवस्थामा शङ्कारहित प्रमाण आउने झन् कुरै भएन । यस्ता अनिश्चित र संदिग्ध कुरालाई परिस्थितिजन्य प्रमाणको जामा पहिराउनु प्रमाणसम्बन्धी कानूनी सिद्धान्त र न्यायिक मान्यताको उपहास गर्नु हुनेछ । प्रतिवादीहरू विरूद्ध प्रत्यक्ष प्रमाण छँदैछैन । मार्नुपर्ने कारण पनि शङ्कारहित किसिमबाट आउन सकेको छैन । फौजदारी कसुरमा प्रतिवादी विरूद्धको अभियोग दावी ठोस, निर्विवाद र शङ्कारहित प्रमाणबाट प्रमाणित गर्नुपर्ने प्रमाणको भारलाई वादी नेपाल सरकारले पूरा गर्न सकेको नदेखिने।

विवेचित आधार र कारणहरूबाट प्रतिवादीहरू सुभाष राय र महेन्द्र राय विरूद्धको अभियोगदावी पुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, इलामसमेतको मिति २०६९।६।८ को फैसला केही उल्टी भै प्रतिवादीहरू महेन्द्र राय र सुभाष रायले अभियोगदावीबाट सफाइ पाउने र प्रतिवादी शान्तिराय राउतलाई सफाइ दिएको हदसम्मको उक्त फैसला सदर हुने ठहर्छ। प्रतिवादी शान्तिराय राउतलाई पनि अभियोग दावीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन

जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल माघ २८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०८९८, आयकर, *ठूला करदाता कार्यालय, ललितपुर वि. मोरङ अटो वर्क्स, विराटनगर*

करदाताले पेस गरेको बिल भरपाईहरू के कस्ता छन् हेरी जाँच गर्ने कार्य कर कार्यालयको हो । कर कार्यालयमा करदाताले पेस गरेका बिल जाँचिएन वा जाँचेको ठीक भएन भनी पुनरावेदकले जिकिर लिई आएमा राजस्व न्यायाधिकरणबाट त्यस विवादमा हेरिनु उपयुक्त हुन्छ । बहसको सिलसिलामा पेस भएका बिल भरपाईहरूको आधिकारिकताको जाँच नै नभई हठात् प्रमाणमा लिई खर्च कटौती गर्न मिल्ने कुरा होइन । कर कार्यालयबाट हिसाब हेरी त्यसमा भर गर्ने बिल भौचर जाँचिदा पुष्टि हुने कुनै बिल भरपाई भएन भनी कर कार्यालयबाट त्यस्तो प्रमाण पेस गर्ने मौका प्रदान गर्दा पनि करदाताले पेस गरेको छ कि छैन भनी हेरिने हो । आफ्नो बिल भरपाई पेस गर्नुपर्नेमा तत्कालै प्रमाण पेस नगर्ने पछि पेस गर्ने मौका दिँदा पनि त्यस्तो बिल भरपाई पेस नगरेको अवस्थामा राजस्व न्यायाधिकरणबाट बहसको सिलसिलामा करदाताबाट बिल पेस भएको भनी बिलको मूल्याङ्कन नै नगरी सो अनुरूपको खर्च कट्टी गरेको मिलेको देखिन नआउने ।

विदेशी मुद्राको खातामा रहेको रकम विनिमयको मूल्य फरक परी नोक्सानी रू. ४३,२१४।- खर्च कट्टीको माग लिई पुनरावेदन जिकिर लिएको देखिन्छ । विदेशी विनिमय फरकका कारणले भएको नोक्सानी खर्च कट्टी गर्न पाउने हो वा होइन भन्ने विचार गर्नुपर्ने देखिन आयो । आयकर ऐन, २०५८ को दफा २(द) ले कुनै निकायमा रहेको सुरक्षणलाई गैर व्यावसायिक करयोग्य आय भनी परिभाषित गरेको देखिन्छ । पुनरावेदकले बैङ्कमा खाता खोली राखेको विदेशी विनिमयलाई गैर व्यावसायिक करयोग्य आय हो भनी मान्नुपर्ने देखिन आयो । उक्त रकम पुनरावेदकले आफ्नो कारोबारमा लगानी भएको नभई बैङ्कमा जम्मा भएको रकम देखियो । सो नोक्सानी बैङ्कमा जम्मा गरेबाट प्राप्त हुने आयमा मात्र कट्टा गर्न पाउने हुन्छ । जुन व्यवसाय वा लगानीमा भएको नोक्सानी हो सोही व्यवसायमा आय निर्धारण गर्दा मात्र कट्टा गर्न पाइने हो । तसर्थ उक्त रकम गैरव्यावसायिक लगानीको नोक्सानी मानिने र सो बैङ्क खातामा राखिएको अर्को लगानीकै आयमा मात्र सो नोक्सानी मिलान गर्न पाउने हुँदा राजस्व न्यायाधिकरण, काठमाडौंबाट सो हदमा भएको फैसला मिलेको देखिन नआउने ।

आयकर ऐन, २०५८ को दफा १३ अनुरूप गरिएका खर्चहरू कारोबारसँग सम्बन्धित भएमा मात्र खर्च गर्न पाइने हो । कारोबारसँग सम्बन्धित नभएका खर्चहरू खर्च कट्टी गर्न नमिली आयतर्फ समावेश गर्नुपर्ने हुन्छ । करदाता मोरङ अटो वर्क्सले आ.व. ०६३/०६४ मा पेस गरेको आय विवरणमध्ये ठूला करदाता कार्यालयले Selling and Distribution अन्तर्गतको ६,२०,०७०।- भएको खर्च कारोबारसँग सम्बन्धित नभएको र सो भए प्रमाण पेस गर्न पुनरावेदकलाई मौका दिँदा पनि निजले तत्काल कुनै प्रमाण पेस गर्न सकेको पाइएन । राजस्व न्यायाधिकरणमा पनि करदाताले

पुनरावेदन गर्दा त्यसको सबुद प्रमाण बिल भर्पाई पुनरावेदनपत्रसाथ पेस गरेको देखिँदैन । पछि पनि त्यस्तो बिल भरपाई पेस भएको मिसिलबाट देखिँदैन । मिसिल संलग्न नभएका बिल भरपाई बहसको दरयियानमा हेरी खर्च कट्टी गर्ने गरेको राजस्व न्यायाधिकरणको फैसला सो हदमा पनि मिलेको देखिन नआउने।

ठूला करदाता कार्यालयको पत्रबमोजिम मोरङ अटो वर्क्सले मिति २०६५।२।९ मा उल्लिखित रकमहरू कारोबारको सिलसिलामा खर्च भएको हुँदा उक्त रकमहरू आयमा समावेश गर्न नपर्ने भनी जवाफसम्म दिएको पाइयो। ठूला करदाता कार्यालयले बुँदागतरूपमा उठाएका उल्लिखित शीर्षकका खर्चहरूको ठोस सबुद प्रमाण पेस गर्नु भनी दिइएको मौकाअनुरूप करदाताबाट आफ्नो भनाइ प्रतिरक्षालाई पुष्टि हुने प्रमाण पेस भएको देखिएन । कर कार्यालयले प्रश्न उठाएका खर्चहरू के कस्ता प्रकृतिका हुन्, ती खर्चहरू व्यवसाय तथा कारोबारसँग प्रत्यक्ष सम्बन्धित हुन कि होइनन् सम्बन्धित अधिकारीसमक्ष प्रस्तुत गर्नुपर्ने दायित्व करदाताको नै हुन्छ। त्यस्तो प्रमाण बिल भरपाईहरू राजस्व न्यायाधिकरणमा पुनरावेदनपत्रसाथ वा पछि पनि निवेदनपत्रसाथ पेस हुन सकेको देखिन आएन। फगत, इजलासमा देखाएको भन्नेसम्मको आधारबाट मिसिलमा संलग्न नै नभएको प्रमाणको आधारबाट खर्च कट्टी हुँदैन । आय निर्धारण गर्दा कारोबार वा व्यवसायसँग सम्बन्धित भएका खर्च कट्टी गर्न खर्चका आधार कारण भौचरबाट देखिने हुन्छ। त्यस्तो बिल भौचरहरू वा तिनका प्रमाणित प्रतिलिपि मिसिल संलग्न नभएसम्म प्रमाणमा लाग्ने अवस्था नहुने।

राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६७।२।२ मा विदेशी विनिमय फरक परेको खर्च, Selling and Distribution अन्तर्गतका खर्चमध्ये रू.४,९९,७७८।-, भ्रमण खर्च रू.५१,१०,५२८।- र रू.७,६३,७७४।- समेत खर्च कट्टी गर्ने गरी भएको फैसला मिलेको नदेखिँदा उल्टी भई ठूला करदाता कर्यालयबाट मिति २०६५।२।१० र मिति २०६५।२।१३ मा भएको कर निर्धारण आदेश सदर हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली
कम्प्युटर: सबिना अधिकारी
इति संवत् २०७१ साल कात्तिक २४ गते रोज २ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CI-१३९५, निषेधाज्ञा, *भाइकृष्ण श्रेष्ठ वि. अधिकारसम्पन्न सभ्यता एकीकृत विकास समिति, गुहेश्वरी फाँट, काठमाडौंसमेत*

काठमाडौं उपत्यका नगर विकास समितिले निर्धारण गरेको मापदण्डअनुसार विपक्षी समितिले सडक, ढल, निर्माण गर्दा निवेदकको आफ्नो घर जग्गा पर्ने भए र हाल निवेदकको जग्गा रहेको क्षेत्रमा कार्य प्रारम्भ सुरू भएको भए त्यसको मुआब्जा एवम् क्षतिपूर्तिको लागि कारवाही चलाई तरताकेता गर्नपर्नेमा सोतर्फ केही नगरी निवेदकको जग्गामा रोडा बालुवा राख्दैमा निवेदककै जग्गामा ढल, सडक निर्माण हुने भनी अनुमान गरी निवेदकको घरजग्गासमेतमा आघात पुग्नसक्ने आशङ्काको स्थिति विद्यमान रहेको भनी निवेदन लेखमा उल्लेख गर्दैमा सो जग्गामा दावीबमोजिमको ढल,

सडक निर्माण गर्न लागेकै हो भनी अन्य सबुत प्रमाणको अभावमा अनुमान गर्न मिल्ने नदेखिने।

निवेदन मागबमोजिम निवेदकको घर जग्गामा आघात पुर्‍याउन लागेको भन्ने आशङ्काको स्थिति विद्यमान रहेको नदेखिई निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।७।३० को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: सन्जय घिमिरे

इति संवत् २०७१ साल भदौ १२ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०१५६, उत्प्रेषण/परमादेश, *कोमल कार्की वि. ऊर्जा मन्त्रालयसमेत*

कोही कसैलाई कानूनको विपरीत आफूले गरिरहेको काम कारवाहीलाई असर पार्ने गरी आर्थिक दायित्व थुपारेका र त्यसबाट निवेदकलाई क्षति पुग्न गएमा सरकार र आफ्नाबीचको कारोबारबाट करारीय दायित्वको अवस्था सिर्जना भएको खण्डमा त्यसको उचित उपचार माग्ने छुट्टै व्यवस्था हुनसक्छ तर रिट क्षेत्रबाट आर्थिक दायित्वको विषयमा विवेचना गरी सुविधा दिने वा नदिने गरी आदेश गर्न मिल्ने नहुने।

जबसम्म निर्देशिका संविधान तथा कानूनको प्रतिकूल भएको छ भन्ने ठहर हुँदैन तबसम्म निर्देशिकाले तोकेको दायित्वबाट निवेदकले उन्मुक्ति पाउने अवस्था रहन सक्दैन। सरकारद्वारा लाइसेन्स दिने दस्तुर बढाउने घटाउने व्यवस्था व्यक्ति लक्षित हुनहुँदैन तर समग्रमा दस्तुर बढाउने वा घटाउने विषयको औचित्य पुष्टि हुने गरी निर्माण भएको निर्देशिकालाई अन्यथा गर्न सकिने अवस्था नरहने।

निवेदकले मिति २०६९।११।११ को गोरखापत्रमा प्रकाशित सूचनाको म्याद ३५ दिनभित्र थप दस्तुर बुझाएको नभै थप दस्तुर रू.१९,३५,०००।– मध्ये रू.१०,००,०००।– मिति २०७०।७।२९ मा र रू.९,३५,०००।– मिति २०७०।८।२७ मा धरौटी रकम बुझाएको हो भनी निवेदन मै स्वीकार गरेको देखिन्छ। मिति २०६९।११।११ मा प्रकाशित सूचनामा तोकिएको म्यादभित्र आफूले नपुग दस्तुर नबुझाएको भन्ने तथ्यलाई निवेदक स्वयम्ले स्वीकार गरेको अवस्था हुँदा तोकिएको म्यादभित्र नपुग दस्तुर र आवश्यक विवरण पेस नगरेको भन्ने आधारमा निवेदकको दरखास्त रद्द गर्ने गरी भएको विद्युत विकास विभागको मिति २०७१।३।१ को निर्णय कानूनसम्मत देखिन आउने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक १८ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-WO-०९११, उत्प्रेषण/परमादेश, *चन्द्रकान्त पौडेल वि. विद्यावती बज्राचार्यसमेत*

जग्गाको हकको स्रोतको अभावमा त्यसको प्रचलन पनि हुन सक्दैन। तायदाती पेस गर्नेले नै सो तायदाती दिँदाको सम्पत्तिको स्रोतलाई पुष्टि भएको देखिनु पर्दछ। कसैले हकको स्रोतबिनाको जग्गाको अमुक कित्ता नम्बर राख्छ र त्यसैलाई बन्डा गर्दै

जाने हो भने जग्गा जमिनमा स्वामित्वसम्बन्धी कानूनी व्यवस्था नै उपहास हुनजाने हुन्छ । वादी प्रतिवादी कसैका नाउँमा दर्ता नभएको, पैतृक तथा भोगबाट बन्डा हुन नसक्ने मुद्दामा पक्षहरूका बीचको स्वामित्व नै एकिन नभएको सम्पति बन्डा हुन नसक्ने ।

प्रतिवादीका नाममा नै नरहेको कि.नं. २१७ लाई बन्डा गर्नु वाञ्छनीय हुँदैन भने कि.नं. २१७ को अस्तित्व लोप भएको अवस्थामा प्रतिवादीकै नामको कि.नं. २८१ को जग्गाबाट यी निवेदक वञ्चित हुने अवस्था पनि सिर्जना हुन नसक्ने ।

प्रतिवादीका हकको स्रोत पुष्टि भएको बन्डा हुन बाँकी रहेको अरू कसैको हकको नदेखिएको अंशियाराहरू त्यसमा पनि अंश मुद्दाकै प्रतिवादी चन्द्रज्योतीका नाममा रहेको जग्गा यी निवेदकले २ भागको १ भाग अंश लिन पाउने अदालतका अन्तिम फैसलाबाट निश्चित भएको हकलाई अन्यथा गर्ने आधार सिर्जना हुन नसकेकाले लिखित जवाफसँग सहमत हुन सकिएन । अत: मुद्दा चल्दाका बखत अस्तित्व मै नरहेको जग्गाको उनाउ कित्ता नम्बर उल्लेख गरेको प्रतिवादीका नाममा दर्ता कायम भएको फाँटवारीमा समावेश हुनुपर्ने कि.नं. २८१ बाट पनि अश छुट्याई लिन पाउने नै देखिने ।

फैसला बदर मुद्दा सुरू फैसला हुँदा अघिको फैसला जुन हदसम्म बदर भै बन्डा कार्य रोकिन गएको हो सोही फैसलाबदर मुद्दा यस अदालतबाट अन्तिम हुँदा अघिको अंश मुद्दा बदर नभै कायम रहने गरी फैसला भएको आधारमा अघि बन्डा हुन बाँकी जग्गाहरू बन्डा गरी चलन पाउँ भनी यी निवेदक आनन्दकुमारले निवेदन दिन र अदालतले छुट्याइदिन नमिल्ने भन्न नमिल्ने ।

विवादित कि.नं. २८१ को जग्गाबाट वादी यी निवेदकले अंश पाउने भएपछि प्रतिवादीले कि.नं.२८१ को तायदाती दिनुपर्नेमा कित्ता नम्बर नै नभिड्ने उनाउ कित्ता नं.२१७ को जग्गा तायदातीमा उल्लेख गर्दैमा वादी यी निवेदकले पाउने अंश हकबाट च्यूत गर्न नमिल्ने देखिएको र मूलत: अंश हकको जग्गा नै कि.नं.२८१ देखिँदा सो जग्गाबाट च्यूत गर्ने गरी भएको पुनरावेदन अदालतको २०६६।११।६ को आदेश मिलेको नदेखिएबाट निवेदकको हक पुग्नेसम्मको उक्त कि.नं.२८१ बाट कानूनबमोजिम गरी लिन पाउने नै देखिँदा सो सम्पत्ति नदिलाएको हदसम्म पुनरावेदन अदालतको उक्त मिति २०६६।११।६ को आदेश उत्प्रेषणको आदेशबाट बदर हुने ।

बन्डा गर्दा हामीलाई बुझ्दै नबुझी डोर म्याद जस्ता कार्यविधिको पालन नगरी प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी बन्डा गरियो भन्ने विपक्षीको जिकिर रहेको र उक्त जग्गा बन्डा छुट्याउँदा यी विपक्षीहरूलाई समेत रोहबरमा राखी असल कमसल मिलाई बन्डा छुट्याई दिनुपर्नेमा सो नगरी निवेदकहरूलाई बुझ्दै नबुझी अघि बन्डा छुट्याएको बन्डा मुचुल्काको आधारमा बन्डा छुट्याएको तहसिलदारको मिति २०६६।४।३० को आदेशसमेत उत्प्रेषणको आदेशद्वारा बदर भएकाले अब विपक्षीहरूलाई समेत रोहबरमा राखी नरम गरम मिलाई पुन: बन्डा गरी दिनु भनी विपक्षी झापा जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस १८ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WH-००३१, बन्दीप्रत्यक्षीकरण, *चन्द्रशेखर सिंह वि. जिल्ला प्रशासन कार्यालय, कलैया बारासमेत*

उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।५।४ मा आदेश भएकोमा उक्त आदेशका उपर चित्त नबुझेको भए पुनरावेदन दायर गर्नुपर्नेमा पुनरावेदन नै नगरी शेखर सिँह भन्ने शेखर ठाकुर भन्ने व्यक्ति आफू नभएको भनी प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरेको मिलेको नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु नपर्ने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक १९ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-०७९७, अंश चलन, *दुर्गादेवी साह तेली वि. तपेश्वर साह*

मुद्दा पर्नुअघिसम्म यी वादीप्रतिवादी सगोलमै रहेको अवस्थामा भएको र वादीको समेत प्रयासबाट छोरीबाट बकस पाएको जग्गामा घरसमेत बनाई सगोलमै बसी अएको अवस्था देखिँदा त्यस्तो सम्पत्ति प्रतिवादीहरूको मात्र आर्जनको हो भन्ने मानी प्रतिवादी जिकिरसित सहमत भै वादीलाई अंश जस्तो नैसर्गिक हकबाट वञ्चित गर्ने अवस्था हुन नसक्ने।

परिवारका कोही सदस्य सबल र कोही दुर्बल हुनु सामान्य कुरा हो। परिवारका सगोलका सदस्यमध्ये कसैको पैतृक सम्पत्ति हुँदैमा या नहुँदैमा वा कोही सबल र कोही दुर्बल हुँदैमा सगोलका परिवारका सदस्य एकै घर परिवारमा रही बसेको अवस्थामा आर्जन भएको सम्पत्तिमा परिवारका कुनै सदस्यको मात्र हक हुन्छ भनी अर्थ गर्नु कदापि न्यायोचित हुन सक्दैन। परिवारका कुनै सदस्यको पैतृक सम्पत्ति नहुँदैमा सगोलमा आर्जित सम्पत्तिमा लाग्न सक्दैन भनी अर्थ गर्न नमिल्ने।

मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. ले मानो नछुट्टिई सँगबसेको अंशियार छन् भने जुनसुकै अंशियार सगोलको सम्पत्तिबाट वा खेती व्यापार आदिबाट बढे बढाएको सगोलको आर्जन र लगाएको ऋण बराबर भाग लाग्छ भन्ने कानूनी व्यवस्था गरेको देखिएको र यी वादी प्रतिवादी अंश मुद्दा पर्नुभन्दा अघिल्लो दिनसम्म सगोलमै रहेको देखिएको एवम् सोही अवस्थामा छोरीबाट हालैको बकस पाएको जमिनमा सगोलकै आर्जनको सम्पत्तिबाट घर बनाएको देखिएकाले त्यस्तो घर जग्गासमेतमा प्रतिवादीहरूले निजी तवरले बकस पाएको अर्थ गरी यी वादीको अंश लाग्दैन भन्ने अर्थ गर्नु न्यायोचित नहुनुको साथै मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. को कानूनी व्यवस्थाको मर्म र भावनाको प्रतिकूल हुनजाने।

वादी प्रतिवादीबीच प्रस्तुत मुद्दाबाट मुद्दा परेको अघिल्लो दिन अर्थात् २०३३।८।२५ मा मानो छुट्टिएको देखिएको, मेरोसमेत प्रयासबाट छोरीबाट बकस पाएको भन्ने वादीको दावी भै त्यस्तो दावीलाई तथ्ययुक्त प्रमाणबाट खण्डन नहुनुको साथै छोरीले गरी दिएको बकसपत्रमा समेत सगोलका बाबु आमा भाइमध्ये आमालाई मात्र निजी तवरले प्रयोग गर्ने गरी बकस दिएको भन्ने पनि नदेखिएको र यी वादी प्रतिवादी सगोलमा रहँदाकै

अवस्थामा बकसपत्रबाट प्राप्त जग्गामा घर बनेको अवस्थामा सो सम्पत्तिमा यी वादीको अंश लाग्दैन भन्न मिल्ने नदेखिने।

वादी दावीको कि.नं. १३९ को जग्गा घर जग्गासमेतबाट वादीलाई अंश दिनुपर्नेसमेत ठहर गरी गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।८।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल कात्तिक ५ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०८२४, हातहतियार खरखजाना, *पदमराज भट्ट वि. नेपाल सरकार*

बरामद हातहतियार यी प्रतिवादीबाट बरामद नभए पनि बरामद भएको स्थलमा यी प्रतिवादीको उपस्थिति देखिएको र सोही स्थलमा यिनै प्रतिवादीको मोटर साइकलसमेत बरामद भएको मोटरसाइकल कसुर गर्नमा प्रयोग गर्न दिएको स्वीकार गरेबाट कसुरमा यी प्रतिवादीको संलग्नता रहेको पुष्टि हुन आउने।

बरामद भएको हतियार जफत गरी प्रयोग भएको मोटर साइकल जफत नगरेको मिलेन भनी वादी नेपाल सरकारको पुनरावेदन परी पुनरावेदन अदालतले त्यस्तो मोटर साइकलसमेत जफत हुने ठहर गरेको फैसला कानूनसम्मत नै देखिन आउँछ। यी प्रतिवादीले मोटर साइकल श्रीमतीको भन्ने आधारमा त्यसरी कसुरको कार्यमा प्रयोग गरेको मोटरसाइकल फिर्ता गर्नुपर्ने अवस्था देखिँदैन। तसर्थ पुनरावेदन अदालत, महेन्द्रनगरले यी प्रतिवादीलाई सजाय गर्ने ठहर्‍याएको सुरूको फैसला सदर गरी सुरूले मोटर साइकल फिर्ता दिने ठहर गरेको उल्टी गरी मोटर साइकल जफतसमेत हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।२।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक यी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: सञ्जय घिमिरे

इति संवत् २०७१ साल असोज ६ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०६१७, राजीनामा लिखत बदर गरी हक कायम चलन, *रासिन्द्रप्रसाद कौडगिया यादव वि. चन्द्रेश्वर कौडगीया यादव*

मूल पुर्खा बच्चा कौडगियाका दुई छोराहरूमध्ये जेठो छोरा बाबुलालको छोरा यी वादी सुखदेव र कान्छो छोरा दुखीको छोरा प्रतिवादी किसुन भएको पुस्तावारीबाट देखिन आएकाले यी वादी प्रतिवादी अंशियार भाइभाइका अंश खाने व्यक्तिहरू भएको देखियो। गा.वि.स. कार्यालय, रौतहटको मिति २०६४।१०।१८ को पत्र हेर्दा पनि दावीको ०-१-१६ को घरवासको जग्गामा वादी सुकदेव कौडगिया र प्रतिवादी किसुन कौडगिया दुबैको भोग चलन र घर भएको भन्ने देखिन आउने।

प्रतिवादीले उक्त जग्गा आधाआधा हुन सक्दैन भोगको आधारमा हक कायम हुने हो भनी जिकिर लिए पनि वादी दावीको जग्गामा वादीको भोग साविकदेखि भोग थिएन भनी प्रतिउत्तर जिकिर लिए पनि प्रमाणबाट त्यस्तो दावीलाई खण्डन गर्न नसक्नुको साथै मिन्है घडेरीको जग्गामा

दुबै अंशियारको घरवास भोग चलन भएको भनी त्यस्तो भोग चलनका सम्बन्धमा सिफारिस गर्ने निकाय (गाविस) ले वादी सुकदेव कौडगिया र प्रतिवादी किसुन कौडगिया दुबैको भोग चलन र घर भएको भनी जिल्ला प्रशासन जस्तो आधिकारिक निकायलाई लेखेको पत्रलाई अन्यथा भन्न मिल्ने अवस्था पनि नभएको एवम् यी वादीका पिता र प्रतिवादीका पिता दुईमात्र अंशियार देखिएको अवस्थामा दावीको ०-१-१६ जग्गा दुबै अंशियारको आधाआधा भएको पुष्टि हुन आउने।

वादीले दावीको आधा जग्गा र सोमा भएको घर आफ्नो हुँदा सोमध्येको ०-०-४$^1/_2$ धुर जग्गा घर लिखत बदरको माग दावी लिएको र मिति २०६५।१।१५ को पारित लिखत हेर्दा प्रतिवादी किसुन यादवले प्रतिवादी रासिन्द्र यादवलाई ०-१-२$^1/_2$ जग्गा र सोमा भएको घरसमेत राजीनामा पारित गरिदिएको देखिन्छ । लिखत पारित भएको ०-१-२$^1/_2$ बाट ०-०-४$^1/_2$ घटाउँदा ०-०-१८ अर्थात् दावीको ०-१-१६ को आधा हुन आउँछ । यस्तो अवस्थामा सुरूले दावीबमोजिम ०-०-४ $^1/_2$ धुर जग्गा र सो जग्गामा भएको घरमात्र लिखत बदर गर्नुपर्नेमा प्रतिवादीका भागको पूरै जग्गा ०-०-१८ धुर जग्गा नै बदर हुने ठहर्‍याई गरेको फैसला मिलेको नदेखिने।

सुरू जिल्ला अदालतले गरेको फैसलामा केही उल्टी गरी वादी दावीबमोजिम ०-०-४$^1/_2$ जग्गा र सोमा भएको घरको हदसम्म लिखत बदर हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।९।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उमानाथ गौतम

इति संवत् २०७१ साल असोज ५ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६६-WO-०८७६, उत्प्रेषण, *लालपरी देवी वि. रामकृपाल साहसमेत*

यस अदालतबाट प्रस्तुत रिट निवेदनमा विवेचना गरी निकासा दिँदा कारवाहीयुक्त अवस्थामा रहेका फैसला बदर र जालसाजी मुद्दाहरूको फैसलाबाट हुने निकासासमेतमा असर पर्ने देखिँदा आमाले ऋण खाएको हो होइन विवादित तमसुक के कस्तो हो त्यसबाट निवेदकलाई असर परेको छ छैन भन्ने सम्बन्धमा प्रमाणको विवेचना गरी तल्लो अदालतबाट कानूनबमोजिम फैसला हुनसक्ने नै देखिएकाले हाल निवेदन मागबमोजिमको मिति २०६६।११।१४ को पुनरावेदन अदालत, जनकपुरको आदेश र तहसिलदारबाट सुरू भएको फैसला कार्यान्वयनको कामकारवाहीलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी लेनदेन मुद्दाबाट भैरहेको अन्तिम फैसलाको कार्यान्वयन रोक्न मिल्ने देखिएन। तसर्थ प्रस्तुत निवेदन दावी खारेज हुने र मिति २०६६।१२।२० मा भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CI-०६९३, नामसारी निर्णय लिखत बदर, *कुमार श्रेष्ठसमेत वि. मु.स. गर्ने कृष्णकुमार श्रेष्ठसमेत*

अघिल्लो मूल लिखत र सो आधारमा भएको दर्ता दूषित ठहरी शून्य भैसकेको अवस्थामा सोपछि त्यसरी दर्ता हुन आएको सम्पत्ति पछिबाट जो जतिसुकै व्यक्तिको नाउँमा गएको भए तापनि शून्य हुने भएकाले फैसलामा पछिल्ला सबै रजिस्ट्रेसन तथा सो आधारमा भएका दर्ता बदर हुने भनी उल्लेख नभएकै आधारमा पछिल्ला लिखत र दर्ताहरूलाई परोक्षरूपमा मान्यता दिएको भन्ने अर्थ गर्न नमिल्ने भएकाले सोपछि भएका लिखत र दर्तासमेत निष्क्रिय र शून्य हुने अवस्था रहने।

पुनरावेदन अदालत, पाटनले वादीलाई हकदार नदेखाई नामसारी गरी सो आधारमा प्रतिवादी धर्मेन्द्र श्रेष्ठलाई र.नं. ३४६१ को मिति २०५०।९।१३ मा कि.नं. १६० को जग्गा रजिस्ट्रेसन गरिदिएको कार्यलाई दूषित ठहऱ्याई सो आधारमा भएको लिखत र दर्ता ४ भागको ३ भाग बदर गरी वादीहरूले पाउने ठहऱ्याएको अवस्था देखिएको हुँदा सो जग्गामा वादीहरूको हक निर्धारण हुनुको स्पष्ट आशय नै सोपछि भएका उक्त कि.नं. १६० को जग्गा हस्तान्तरणका सम्पूर्ण लिखतहरू र सो आधारमा भएका दर्तासमेतको ४ भागको ३ भाग बदर हुने भन्ने नै देखिएको अवस्था हुँदा तथा माथिल्लो प्रकरणमा पहिलो प्रश्नको निरूपणको क्रममा उल्लिखित वस्तुस्थिति तथा तथ्य प्रमाणका आधारमा हेर्दा पुनरावेदन अदालत, पाटनको मिति २०६७।२।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०६५८, जालसाज, *सावित्री राई वि. लालबहादुर बस्नेत*

वादीले लिखत दर्ता बदर मुद्दा दर्ता गराई डिसमिस गराएको भए तापनि सो मुद्दा र प्रस्तुत मुद्दा गर्नुपर्ने कारण अथवा परिस्थिति भिन्नभिन्न रहेको देखिन्छ । पहिलेको लिखत बदर मुद्दा हालको विवादित कि.नं. ४०, ६०, र ६२ को जग्गा प्रतिवादीमध्येकी एकमायालाई शेरबहादुरले रजिस्ट्रेसन गरिदिएबापत परेको तर प्रस्तुत मुद्दा एकमायाले सावित्री राईलाई रजिस्ट्रेसन गरिदिएबापत परेको देखिएको हुँदा मुद्दाको पक्ष तथा मुद्दा गर्नुपर्ने कारणसमेत फरक परेको अवस्था भएकाले प्रस्तुत मुद्दामा अ.बं. ८५ नं. लाग्नसक्ने अवस्था नदेखिने हुँदा वादीको हकसम्म २ भागको १ भाग लिखत निष्क्रिय हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट भएको मिति २०६७।१२।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम्।

## इजलास नं. ७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०४८५, लेनदेन, *भुला मुखिया वि. विन्देश्वर यादव*

प्रतिवादीले लिखत फट्टा गर्ने आफ्नो

दायित्व पूरा नगरेको अवस्थामा प्रतिवादी जिकिरबमोजिम कानूनअनुसार भएको कपाली तमसुक लिखतलाई अन्य मौखिक कथनहरूबाट गलत साबित गर्न मिल्ने देखिँदैन । कानूनले स्पष्टरूपमा निर्धारण गरेको प्रक्रिया नपुर्‍याएको अवस्थामा अन्य प्रक्रियाबाट भए गरेको व्यवहारले कानूनी मान्यता पाउन नसक्ने भएबाट समेत पुनरावेदन जिकिर र यस अदालतबाट मिति २०६८।६।६ मा दोहोर्‍याई पाउने निस्सा प्रदान गर्दा लिइएका आधारसँग सहमत हुन नसकिने।

कपाली तमसुकको लिखतबमोजिमको साँवा ब्याज रकम प्रतिवादीले वादीलाई तिरे बुझाएको समेत नदेखिँदा वादीले प्रतिवादीबाट कपाली तमसुकमा उल्लेख भएको ऋण रकमको कानूनबमोजिम साँवा ब्याज भराई पाउने नै देखिँदा सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६३।६।३१ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।४।२६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल माघ २७ गते रोज ३ शुभम्।

**इजलास नं. ८**

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-००८६, घर बहाल दिलाई घरजग्गा खाली गराई चलन, *देवनन्द राय यादव वि. धर्मेन्द्र साह भन्ने कौशल किशोरप्रसाद गुप्ता*

मिति २०६६।२।२३ को नक्सा मुचुल्कामा विवादको कि.नं. ५०६ को घर जग्गा न.नं. २ मा देखाइएको र उक्त घर जग्गा पुनरावेदक वादीको हकको भएको तथ्यमा नक्साबाट विवाद देखिँदैन। न.नं.२ को घरजग्गामा प्रतिवादी धर्मेन्द्र साह भाडामा बसी मोटरसाइकल वर्कसप सञ्चालन गरेको कुरा मिसिल संलग्न नक्साबाट देखिएकोमा सो व्यहोरा झुट्टा हो भन्ने कुनै प्रमाण प्रतिवादीबाट प्रस्तुत हुन नसकेको तथा मिथिलेस महतोलाई घरभाडा दिइरहेको कुरा प्रतिउत्तरपत्रमा समेत उल्लेख भएकाले घरभाडामा बसेको तथ्य प्रतिवादीले स्वीकार गरिरहेको देखिन्छ। साथै वादीका साक्षी बन्ती वैठाले आफूले वादीको घर रेखदेख गर्ने गरेको र उक्त घरमा प्रतिवादीले २०६४ साल असोज महिनादेखि मासिक रू. ७२५।– दिने गरी बहालमा बसेको भनी अदालतमा स्पष्टसँग बकपत्र गरिदिएको अवस्थामा निज प्रतिवादीबाट मासिक रू. ७२५।– का दरले घरभाडा दिलाई भराई दिनुपर्नेमा दावी नै नपुग्ने भनी पुनरावेदन अदालतबाट भएको फैसलालाई न्यायोचित मान्न नमिल्ने।

वादीले कि.नं. ५०६ को घरजग्गा मिति २०६९।३।८ मा बिक्री गरिसकेको भन्ने यस अदालतबाट पुनरावेदक यिनै पुनरावेदक र अनिताकुमारी साह प्रत्यर्थी भएको घरबहाल दिलाई पाउँ भन्ने मुद्दामा बुझिएका मुनाप्रसाद कलवार र सुनितादेवी कलवारले गरेको तथा उक्त लगाउको मुद्दामा यिनै पुनरावेदकले गरेको बयानमा उल्लेख गरेको तथ्य मिसिल संलग्न राजीनामाको लिखतको प्रतिलिपिबाट समेत पुष्टि भइरहेको देखिँदा घर खाली गराइदिने प्रयोजन र अवस्था नरहेकाले पुनरावेदन अदालत तथा जिल्ला अदालतबाट भएको फैसला केही उल्टी भै वादीले प्रतिवादीबाट

घर जग्गा बिक्री गरेको मिति २०६९।३।८ भन्दा १ दिनअगाडि मिति २०६४ साल असोजदेखि मिति २०६९।३।७ सम्म मासिक रू. ७२५।– का दरले घरभाडासमेत भराइ पाउने ठहर्छ । घर खाली गराई पाउँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर : चन्द्रा तिमिल्सेना

इति संवत् २०७१ साल पुस २४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-००८७, घर बहाल दिलाई घरजग्गा खाली गराई चलन, *देवनन्दन राय यादव वि. अनिताकुमारी साह*

घर भाडामा दिने घर भाडामा बस्नेबीच आपसी सहमति र सम्झौता भएको देखिँदैन । सहमति र सम्झौता भै कुनै कुरामा मुख नमिलेको अवस्था रहेको भए सो सहमति र सम्झौतालाई मूल्याङ्कन गर्न सकिने अवस्था रहन्थ्यो । मुद्दाका एक पक्षले घर भाडामा दिएको भनेको अवस्थामा अर्को पक्षले इन्कार गरेको अवस्थामा ऐनबमोजिमको सर्त र कबुलियतको अभाव प्रस्तुत मुद्दामा देखिन्छ । अदालतबाट मिति २०६६।२।२३ मा भएको नक्सा मुचुल्का हेर्दा वादी दावीका कि.नं. ५०६, ५०७ तथा ५०८ का जग्गाहरू न.नं. १, २, ३ र ४ मा जनाइएको र उक्त जग्गा तथा सो जग्गामा रहेका घर टहराहरू वादीले बनाएको र वादीको हक भोगमा रहेको भन्ने देखिन्छ । उक्त न.नं. १, २, ३ र ४ को घरजग्गामा यी प्रतिवादी भाडामा बसेको कुरा नक्सा मुचुल्कामा उल्लेख हुन सकेको छैन । उक्त नाप नक्सालाई वादीले अन्यथा भन्न लेखाउन सकेकोसमेत देखिँदैन । यसरी स्थलगत नाप जाँच मुचुल्काबाट वादीले विवाद उठाएका घर जग्गाहरूमा प्रतिवादी भाडामा बसेको नदेखिएको साथै उक्त घर जग्गाहरूमा प्रतिवादी भाडामा बसी घर जग्गाहरू कब्जामा लिएको भन्ने कुरा अन्य तथ्ययुक्त प्रमाण वादीले गुजार्न सकेकोसमेत नदेखिँदा दावीबमोजिम बहाल भराई घर खाली गरी दिनुपर्ने ठहर्‍याई मिति २०६६।३।२५ मा रौतहट जिल्ला अदालतबाट भएको फैसलालाई उल्टी हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

विवेचित आधार प्रमाणबाट न.नं. १, २, ३ र ४ को घर जग्गा वादीको भएकोमा विवाद नभए पनि वादी दावीबमोजिम प्रतिवादी घर भाडामा बसेको तथ्य नक्सा मुचुल्काबाट स्थापित नभएको र सो नक्सा सम्बन्धमा पुनरावेदक वादीले कुनै विवाद नउठाएकाले वादी दावी नपुग्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल पुस २४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-०९८४, उत्प्रेषण, *पदमबहादु कटुवाल वि. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग सस्पेन्सन ब्रिज डिभिजन, श्रीमहल पुल्चोकसमेत*

निवेदक तत्कालीन श्री ५ को सरकार निर्माण तथा यातायात मन्त्रालय, सडक विभागको पत्र सङ्ख्या ६०९ मिति २०३७।६।२६ गतेको पत्रद्वारा अस्थायी निर्णय पाई श्री ५ को सरकार निर्माण तथा यातायात मन्त्रालयअन्तर्गत सडक

विभाग रा. वृ. डिभिजनको रिक्त रा.प. अनं. प्रथम श्रेणीको सिनियर ब्रिज मेकानिक्स पदमा हाजिरी गराई काम लगाउनु भनी नियुक्ति दिएको देखियो । पुन: श्री ५ को सरकार पञ्चायत तथा स्थानीय विकास मन्त्रालय क.प्र. शाखाको च.नं. ४२८ मिति २०४२।४।२७ को पत्रबाट स्थानीय विकास मन्त्रालयअन्तर्गतको सस्पेन्सन ब्रिज डिभिजनको लागि सिर्जना भएको अस्थायी दरबन्दीतर्फ जुनियर ब्रिज मेकानिक्स पदमा अस्थायी नियुक्ति गरिएको देखिँदा मिति २०३७।६।२६ गतेदेखि सेवामा निरन्तरता देखिएन । मिति २०३७।६।२६ गते रा.प.अ.नं. प्रथम श्रेणीको सिनियर मेकानिक्स पदमा नियुक्ति पाएको र मिति २०४२।४।२७ सम्म सो पदमा काम गरेको, पुन: २०४२।४।२७ मा सस्पेन्सन ब्रिज डिभिजनको लागि अस्थायी दरबन्दी रा.प.अनं. द्वितीय श्रेणी प्राविधिक जुनियर ब्रिज मेकानिक्स पदमा काम गरेको देखियो । दुई फरकफरक विकासअन्तर्गत एउटा निकायको अस्थायी सेवा अवधि अर्को निकायको अस्थायी सेवा अवधिमा जोडी उपदानलगायतको सेवा सुविधा उपलब्ध गराउने व्यवस्था प्रचलित कानूनमा भएको नदेखिने हुँदा मिति २०३७।६।२६ गते देखि नै सेवाको निरन्तरता नदेखिएकाले मिति २०४२।४।२७ देखि २०५८।४।१५ सम्मको अवधिको सेवाबापत रकम उपलब्ध गराएको मिलेकै देखिँदा मागबमोजिम उत्प्रेषणसमेतको आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल माघ २७ गते रोज ४ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०६१४, परमादेश, *रामदयाल यादव वि. मनोजकुमार राउतसमेत*

निवेदकहरूको नाति तथा भान्जाको अपहरण भएको र खोजी गर्दा सिरहाको लाहानमा विपक्षीहरू मनोजकुमार राउन, जुगलकुमार महतो र गीतालक्ष्मी थापासँग सिरहामा भेट भई खोजी गर्दा निजहरूले रू. ५,००,०००।– (अक्षरेपी पचास लाख रूपैयाँ) रकम माग गरी भान्जा तथा नाति ल्याई दिने बचन दिई रू. ५,००,०००।- (अक्षरेपी पाँच लाख रूपैयाँ) रकम लिई अपहरण मुक्त गरेकोमा पछि बाँकी रकमको कुरा गरी निवेदकलाई धरपकड गर्ने कार्य गरेको र विपक्षी प्रहरी कार्यालयको मिलेमतोमा मिति २०७१।८।१९ मा जबर्जस्ती कागज गराएको हुँदा झुट्ठा मुद्दा लगाउने र पक्राउ गर्ने आशङ्का भएकाले रिट लिई आएको भनी रिट निवेदन दिएको देखिन्छ । यसरी विपक्षीले कुनै कार्य गर्ने आशङ्काको अवस्थामा परमादेशको आदेशबाट निवेदकहरूलाई उपचार दिलाउन कानूनत: नमिल्ने र सान्दर्भिक नहुने भएकाले विपक्षहरूबाट लिखित जवाफ मगाइरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विनोद रखाल

इति संवत् २०७१ साल माघ २२ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल.,** ०७१-WO-०५६४, उत्प्रेषण, *राजु गुरूङ वि. बीरबहादुर गुरूङसमेत*

लेनदेनको फैसलाबमोजिम फैसला कार्यान्वयनका सन्दर्भमा लिलामीको माग गरेको जग्गाघरको पञ्चकृते मूल्याङ्कन गराएको देखिन्छ । सो जग्गाको मूल्याङ्कनमा न्यूनतम् मूल्याङ्कन मात्र गरिएको देखिन्छ । लिलामी हुँदा पञ्चकृते मूल्याङ्कनबाट कायम भएको मूल्यभन्दा बढीमा लिलाम बढाबढसमेत हुनसक्छ । लिलामीउपर चित्त नबुझेकोमा अदालतबाट भराई पाउने ठहरेको बिगो जुनसुकै बखत प्रतिवादीले वादीलाई चुक्ता गरी घर जग्गा आफैंले राख्न सक्ने नै देखिन्छ। लिलाम भैसकेको अवस्थामा समेत उक्त लिलाम रीतपूर्वकको नदेखिएमा माथिल्लो निकायमा उजुरी गर्नसक्ने कानूनी व्यवस्था अवलम्बनसमेत गर्नसक्ने हुन्छ। फैसला कार्यान्वयन गर्ने निकायले फैसला कार्यान्वयन गर्न कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरिरहेको अवस्था रहेको छ। निवेदकले फैसला कार्यान्वयनको क्रममा अनियमित कार्य भएको भन्ने जिकिर लिन सकेको समेत नदेखिने।

निवेदकले अदालतले गरेको आदेशमा गम्भीर कानूनी त्रुटि भएको देखाउन नसकेको अवस्थामा अदालतको काम कारवाही चित्त नबुझेमा उजुर गर्ने नै कानूनी बाटो निवेदकलाई उपलब्ध रहेको देखियो। हाल फैसला कार्यान्वयनको सिलसिलामा मातहत अदालतबाट भएको आदेशउपर यस अदालतबाट असाधारण क्षेत्राधिकार ग्रहण गरी उत्प्रेषणको रिटबाट हेर्न मिल्ने नदेखिँदा प्रस्तुत निवेदन मागबमोजिम विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु परेन । प्रस्तुत निवेदन खारेज हुने।

शाखा अधिकृत: अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७१ साल माघ ९ गते रोज ६ शुभम्।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-RE-०१६६, ज्यान मार्ने उद्योग, *रामलोचनप्रसाद साह वि. नेपाल सरकार*

पीडित तारादेवीको टाउकोसमेतको अङ्गमा रहेको साङ्घातिक चोट, May be fatal भनी घा जाँच केस फाराममा उल्लेख भएको एवम् निजको टाउकोमा भएको सो चोट प्रतिवादीमध्येका रामलोचन साहको प्रहारबाट समेत परेको भन्ने कुरा तत्काल प्राप्त प्रमाणहरूबाट देखिन आएको समेतको आधारमा निवेदक प्रतिवादीलाई पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी मुलुकी ऐन, अ.बं. ११८(२) नं. अनुसार थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने भनी भएको सप्तरी जिल्ला अदालतको मिति २०७१।९।२७ को आदेशलाई पुनरावेदन अदालत, राजविराजबाट सदर गरेको मिति २०७१।१०।१५ को आदेश परिवर्तन गरिरहनु नपर्ने।

इति संवत् २०७२ साल वैशाख २ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-RE-०११०, मानव अपहरण तथा शरीर बन्धक, *हेमकर्ण पौडेल वि. नेपाल सरकार*

निवेदक प्रतिवादीले आरोपित कसुर गरेको भन्नु मनासिब नदेखिएको साथै अभियोग दावीबमोजिमको अपराध मिसिल संलग्न प्रमाणहरूबाट वस्तुनिष्ठरूपमा पुष्टि भएको अवस्था नभएकाले यी निवेदक प्रतिवादी हेमकर्ण पौडेललाई त्यस अदालतले धरौट माग गरी मुद्दा पुर्पक्ष गर्ने भनी

गरेको मिति २०७१।४।२८ को आदेश एवम् अ.बं. ११८ को देहाय (२) नं. बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको मिति २०७१।७।२७ को पुनरावेदन अदालत, विराटनगरको आदेश प्रतिवादी निवेदक हेमकर्ण पौडेलको हकमा बेरीतको देखिँदा सो हदसम्म उक्त आदेश बदर हुने।

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-RE-०१३४, मानव बेचबिखन तथा ओसारपसार, *जुनाकुमारी डाँगीसमेत वि. नेपाल सरकार*

यसमा तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादीद्वय जुनाकुमारी डाँगी र सुरेशबहादुर ओलीलाई थुनामा राख्ने गरी त्यस अदालतबाट मिति २०७१।५।१९ मा भएको आदेशलाई परिवर्तन गर्नु नपर्ने भनी पुनरावेदन अदालत, दिपायलबाट मिति २०७१।७।१३ मा भएको आदेशमा बेरीत भएको नदेखिँदा अन्यथा गर्नसक्ने अवस्था नदेखिने।

इति संवत् २०७१ साल माघ २८ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-RE-०१९१, उत्प्रेषण/परमादेश, *डा. रमिला देवकोटा वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

यसमा मिति २०७१।१०।२१ को सूचनाले तोकेको मितिभित्र विपक्षी मन्त्रालयले यी निवेदकलाई छनौट गरी पठाएको भन्ने नदेखिएको र अन्तरिम आदेश जारी नगर्दैमा निवेदकलाई अपूरणीय क्षतिको विद्यमानता नदेखिँदा पुनरावेदन अदालत, पाटनको मिति २०७१।१२।३ मा भएको आदेश बेरीतको नदेखिएकाले परिवर्तन गरिरहनु परेन, कानूनबमोजिम गर्नू।

इति संवत् २०७१ साल चैत २२ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RE-००७५, वन्यजन्तुको अवैध आखेटोपहार, *माया लामा लोप्चन वि. नेपाल सरकार*

यसमा बरामद हुने प्रतिवादी राजु (लामा) लोप्चनले गरेको बयान र निजसँगका यी प्रतिवादीको संलग्नता र झोला बोकेर ल्याउन दिएको यी प्रतिवादीको स्वीकृतिलाई तत्काल प्राप्त प्रमाणको रूपमा अङ्गीकार गर्न सकिने नै अवस्था देखिँदा मिति २०७१।३।१२ मा पुनरावेदन अदालत, हेटौंडाबाट भएको आदेशमा बेरीत भएको देखिन नआउने।

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RE-००९१, कर्तव्य ज्यान, *राहुल भन्ने रवि भट्टराईसमेत वि. नेपाल सरकार*

यसमा परिस्थितिजन्य प्रमाणहरूसमेतको विश्लेषण गरी यी प्रतिवादीलाई थुनामा राख्ने गरेको मिति २०७१।६।३ को पुनरावेदन अदालत, विराटनगरको आदेशमा कुनै परिवर्तन गर्नुपर्ने देखिएन। तथापि कल डिटेल र मृत्युको कारणको सम्बन्धमा विशेषज्ञको रायलाई जिल्ला अदालतको आदेशले इङ्कित गरेको देखिँदा मुद्दाको अन्तिम किनारा हुँदा त्यसतर्फ पनि विचार हुने नै हुँदा प्रस्तुत मुद्दामा अग्राधिकार दिई छिटो किनारा गर्ने।

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७१-RE-०१९७, ठगी, *सितल प्रताप सिंह वि. नेपाल सरकार*

यसमा प्रस्तुत मुद्दाको प्रमाण बुझिसकेको स्थिति रहेकाले निवेदकको हकमा फैसला हुँदाका बखत ती प्रमाणसमेतको मूल्याङ्कन हुने नै हुँदा तत्काललाई पुनरावेदन अदालत, पाटनले निवेदकलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी गरेको आदेश परिवर्तन गरिरहनु नपर्ने ।

इति संवत् २०७२ साल वैशाख ९ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-AP-०२४०, अंश चलन, *अनुगराज शर्मा वि. प्रदीपराज पाण्डे*

पुनरावेदन अदालत, पाटनले वादीले प्राप्त गरेको नागरिकता प्रमाणपत्र र त्यस सम्बन्धमा २०६६ सालमा भएको गृह मन्त्रालयको निर्णयसमेतका आधार लिई गरेको आदेशलाई मुलुकी ऐन, अ.बं. १७ नं. निवेदनको रोहमा अन्यथा गर्नु उपयुक्त नहुनाको साथै उक्त आदेशको उपयुक्तताको निरूपण फैसलासमेतको माध्यमबाट पुनरावेदन अदालतबाटै हुनसक्ने ।

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-AP-०३१२, बैङ्किङ् कसुर, *प्रविण पाण्डे वि. नेपाल सरकार*

निवेदक प्रतिवादीले आरोपित कसुर गरेको कुरालाई सिलसिलाबद्धरूपमा स्वीकार गरी मौकामा साबित भएको तथा निजबाट केही दसी बरामद भएको समेतका तत्काल प्राप्त प्रमाणलाई अहिले नै अन्यथा गर्नुपर्ने किसिमको ठोस प्रमाणहरू गुज्रन नआएको तथा प्रमाण बुझ्दै जाने क्रममा मुद्दाको प्रगतिसँगै यस सम्बन्धमा पुनर्विचार गर्न सकिने नै देखिँदा निवेदकले चुनौती गर्नुभएको थुनछेक आदेशलाई अहिले नै अन्यथा गर्न नमिल्ने ।

इति संवत् २०७१ साल चैत २३ गते रोज २ शुभम् ।

- यसमा यसै प्रकृतिको ०७१-AP-०३११, बैङ्किङ कसुर, *राजेन्द्र पाण्डे वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

**१०**

**मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-AP-०३२१, उत्प्रेषण/परमादेश, *अधिकारप्राप्त वीरेन्द्रकुमार संघई वि. काठमाडौं जिल्ला अदालतसमेत*

यसमा निवेदकले उठाएको विषयमा पुनरावेदन सुन्ने अदालतमा निवेदन लाग्नसक्ने देखिँदा सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम २७(३) बमोजिम रजिस्ट्रारले दरपीठ गरेको कानूनसम्मत नै देखिँदा रजिस्ट्रारबाट मिति २०७१।१२।१७ मा भएको दरपीठ आदेश बदर गर्नुपर्ने नदेखिने ।

इति संवत् २०७२ साल वैशाख २ गते रोज ४ शुभम् ।